नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी



बालोपयोगी सचित्र बुद्धजीवनी

(इनाचो) दत्तात्रय 'मुनि विहार'

लेखक:
बुद्धदास भिक्खु

भावानुवादक:
भिक्षु विपस्सी धम्मारामो

चित्र:
पयुत्ङाउक्रचाङ्

सम्पर्क:
भिक्षु सुदर्शन महास्थविर
श्रीकीर्ति विहार, कीर्तिपुर
काठमाडौं, नेपाल ।
फोन नं. ३३०८३६

PUBLISHER:
VONGVANIJ GROUP
12/FL VONGVANIJ-B BUILDING
100/93-94 RAMA IX ROAD
HUAYKHWANG, BANGKOK-103010
THAILAND.
FIRST EDITION 5000, 1996 A.D.

Reprinted for free distribution by
The Corporate Body of
The Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1,
Taipei, Taiwan, R.O.C.

मुद्रण तथा दातृ संस्थाः
द करपोरेट बदि अफ द बुद्ध एजुकेशन फाउण्डेशन
११ औं तल्ला ५५, हाङ चाउ एस. रोड, सेक्सन १,
ताइपेइ, ताइवान आर. ओ. सी.

यो पुस्तक निःशुल्क वितरणको लागी हो, विक्रीको लागि होइन

प्राक्कथन

यो "बालोपयोगी सचित्र बुद्धजीवनी" पुस्तक बैंकक्को वातबवरनिवेस विहारवासी नेपाली भिक्षु विपस्सीबाट उदारतापूर्वक थाई भाषाबाट नेपालीमा अनुदित भएको हो। मूलरूपमा यो पुस्तक बुद्धदास भिक्षुका व्याख्यान्को आधारमा किशोर-किशोरीहरूका लागि उपयुक्त हुनेगरि सचित्र तयार पारिएको र 'वुड्ढिधर्म सङ्गृहीत धन' तथा थाई नरेशको संरक्षणमा रहेको 'थाई युवक बौद्ध सभा' को संयुक्त प्रयासबाट प्रकाशित गरिएको थियो। यसमा जम्मा ७ भागहरू छन्। जुन यसप्रकार छन् :

(१) सिद्धार्थको वाल्यकाल
(२) सिद्धार्थको विवाह
(३) सिद्धार्थको गृहत्याग
(४) सिद्धार्थको बुद्धत्वप्राप्ति
(५) बुद्धको धर्मप्रचार
(६) बुद्धको कपिलवस्तु आगमन
(७) बुद्धको महापरिनिर्वाण

म धेरैपल्ट नेपाल गइसकेको छु र मलाई थाहाभएसम्म बहुसंख्यक नेपालीहरू बुद्धधर्मावलम्बी हुन्। तर उनीहरूलाई बुद्धका जीवनी तथा बुद्धका धर्मोपदेश सम्बन्धी कुरा जान्नेसुन्ने माध्यम र

अवसर सारै कम छन्। म विश्वास गर्दछु कि "बुद्धधर्म उत्पत्ति भएर क्रमशः प्रचार-प्रसार हुनगएको विश्व-धर्म हो। बुद्धधर्म हेतुवादको सिद्धान्तमा आधारित छ। यसलाई प्रयोग गरेर जाँच्न सकिन्छ।"

नेपाली जनतामा बुद्धधर्मको ज्ञान-वृद्धिको लागि र बुद्धधर्म नेपालबाट शुरूभएकोमा गौरवान्वित हुनका लागि यो नेपाली भावानुवाद गरिएको "बालोपयोगी सचित्र बुद्धजीवनी" पुस्तक माध्यम हुने आशा लिएको छु। नेपालीहरूले खासगरि नेपाली किशोर-किशोरीहरूले यो पुस्तकको अध्ययनबाट केही जीवनोपयोगी कुरा भेटाउनेछन्, भन्ने विश्वास राख्दै वङ्ङ्वानिज ग्रुप (VONGVANIJ GROUP) बाट यो पुस्तक प्रंकाशित गरिएको हो।

जून १९९४

शुभकामना सहित :
डा. बुन्यङ् वङ्ङ्वानिज
वङ्ङ्वानिज ग्रुपका मालिक



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग १

सिद्धार्थको वाल्यकाल

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो

वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।



आजभन्दा २६०० वर्षअगाडि हिमालय मुनिको फाँटलाई जम्बुद्वीप भनिन्थ्यो। त्यहाँ अनेक साना-ठूला अधिराज्यहरू तथा गणराज्यहरू थिए। ती अधिराज्यहरूमा राजाहरू तथा गणराज्यहरूमा गणपतिहरू शासन गर्दथे।



त्यहाँ हिमालय नजिकै राप्ती नदीको किनारमा शाक्य जातिको कपिलवस्तु भन्ने राज्य थियो। यसको राजधानी कपिलवस्तु नगर थियो। गौतम थर भएका शुद्धोदन यहाँको राजा हुनुहुन्थ्यो। महामायादेवी राजा शुद्धोदनकी महारानी थिइन्।

राजा शुद्धोदन तथा महारानी महामायादेवीको विवाहित जीवनको धेरैदिनपछि मात्र महामायादेवी गर्भवती भइन्। सुत्केरी हुने दिन नजिक आउँदा राजासित उनले माइती देवदह नगर जानको लागि अनुमति मागिन्। राजाले खुशीसाथ अनुमति दिई महारानी सवारीहुने बाटोघाटो पनि सजाउन लगाउनुभयो।



कपिलवस्तु र देवदह नगरका बीचमा लुम्बिनी भन्ने बगैंचा थियो। यहाँको शालवृक्षको घारीमा दुबै देशका मानिसहरू डुल्न आउँथे। यहाँका रूख विरुवाहरूमा टम्म फूल फुलेका थिए। भमराहरू फूलका रस लिइरहेका थिए। चराचुरुंगीहरू मधुर स्वर गुँजाइ रहेका थिए।



महारानी महामायादेवी लुम्बिनी बगैंचामा शुक्रवार बैशाख पूर्णिमाको दिन पुग्नुभएको थियो। महारानीले त्यहाँको शीतल छायामा केहीछिन डुल्न चाहिन्। तसर्थ लावालस्करलाई आज्ञा दिई त्यहाँ डुलि रहनुभयो। धेरै बेर नबित्दै त्यहाँ महामायादेवीले एउटा शाल वृक्षमुनि एउटा पुत्ररत्न जन्माउनुभयो।



यसरी महामायादेवीले लुम्बिनीमा पुत्ररत्न जन्माउनुहुँदा सुसारेहरू तथा लावालस्करले साह्रै होसियारीका साथ वहाँको देखभाल गरे। अनि कपिलवस्तु नगरमा नै फर्काएर ल्याए। आफ्नो पुत्रको मुख हेर्न पाएकोले राजा शुद्धोदन साह्रै खुशी हुनुभयो। अनि उहाँले महामायादेवीको विशेषरूपले हेरविचार गर्न लगाउनुभयो।



कपिलवस्तु नगरको छेउमै रहेको पहाडमा धेरै ऋषिहरू बस्दथे। त्यसमा कालदेवल भन्ने एक बूढो ऋषिलाई राजा शुद्धोदन तथा कपिलवस्तुवासीहरू खूब मान्दथे। वहाँ राजा शुद्धोदनका पुत्र जन्मेको थाहा पाउनुभई कुमारलाई हेर्न कपिलवस्तुको राजदरबारमा आउनुभयो।



राजा शुद्धोदनले आफ्नो राजकुमारलाई ऋषिबाट आशीर्वाद दिलाउन चाहनुभयो। तसर्थ राजकुमारलाई ल्याउन लगाई ढोगाउन खोज्नुहुँदा ऋषिले राजकुमार अति पुण्यवान् भएको लक्षण देख्नुभयो। अनि ऋषि सारै खुशी भएर हाँस्नुभयो। तर फेरि अलि अलि गर्दै मुख निन्याउरो पार्नुभई आफ्ना आँखाबाट आँसु बगाउन थाल्नुभयो।



राजा शुद्धोदनलाई यो देखेर आश्चर्य लाग्यो। ऋषिले भन्नुभयो- "यो राजकुमारमा महापुरुषको लक्षण छ। अति पुण्यवान् हुनुहुन्छ। पछि ठूलो ज्ञान पाई शास्ता हुनुहुनेछ। तर के गरूँ? म अभागी छु। म अहिले नै बूढो भइसकेकोले वहाँको उपदेश सुन्न पाउनेछैन। यसकारणले म हाँसेको र रोएको हूँ।" यति भनी ऋषि आफैले राजकुमारलाई दण्डवत् गर्नुभयो। अनि राजा शुद्धोदनले पनि राजकुमारलाई दण्डवत् गर्नुभयो।



राजकुमार जन्मेको पाँचदिन भयो। राजाले आफ्नो दरबारको प्रासादमा विद्वान्हरूको भेला गर्न लगाउनुभयो। राजकुमारलाई नामकरण गर्नको लागि भेला भएका ती विद्वान्हरूले राजकुमारलाई 'सिद्धार्थ' भनी नाम राखे। 'सिद्धार्थ' को अर्थ आफूले चाहेको सिद्ध (पूर्ण) हुनु हो।

ती विद्वान्हरूले पनि राजकुमारमा शुभ-लक्षणहरू देखे। सबैले भविष्यवाणी गरे- " यदि यो राजकुमार राज्यमा बस्नुभएमा पछि महान् सम्राट् हुनुहुनेछ। तर दरबार छोडी प्रव्रजित हुनुभएमा विश्वभरका शास्ता हुनुहुनेछ।" तर ती मध्ये कौडिन्य नामको एक ब्राह्मण विद्वान्ले ठोकुवा गरेर, "सिद्धार्थ कुमार ठूलो भए पछि सम्पूर्ण राज्य छोडी प्रव्रजित हुनुहुनेछ; संसारभरका महान्तम शास्ता नै हुनुहुनेछ।" भनी भने।

सिद्धार्थ ठूलो भएपछि महान् सम्राट् हुनुहुने कुराले राजा शुद्धोदन तथा भारदारहरूका साथै दुनियाँ पनि खुशी भए। तर राजा शुद्धोदन भने राजकुमारले राजपात छोडेर संसारभरका शास्ता हुने कुराले चिन्तित हुनुभयो। किन भने वहाँ चाहनुहुन्थ्यो- "राजकुमार गृहस्थमा बसुन्। छोराछोरी पाउन्। जसले गर्दा दरबार आबाद हुनेछ। राजसिंहासनका उत्तराधिकारी पनि हुनेछ।"

नामकरण भएको दुईदिनपछि सिद्धार्थकी आमा महामायादेवीको देहान्त भयो। महारानीको देहान्त भएकोमा सबैले शोक गरे। शुद्धोदन राजाले सबभन्दा बढी शोक गर्नुभयो। किन भने महामायादेवी अति उच्चकुलीन थिइन्। स्त्रीहरू मध्येमा सर्वाधिक गुणवती थिइन्।



महामायादेवीको देहान्तपछि राजा शुद्धोदनले सिद्धार्थ कुमारको पालान-पोषण गर्ने जिम्मा राजकुमारकी सानी आमा हुनुभएकी महाप्रजापति गौतमीलाई दिनुभयो। महाप्रजापति गौतमीले राजकुमार सिद्धार्थलाई आफ्नै छोरा जस्तै पालन-पोषण गर्नुभयो। सिद्धार्थले आफ्नो आमाको मुख हेर्न पाउनुभएको थिएन।



यसरी सानीआमा महाप्रजापति गौतमीको लालन-पालनद्वारा राजकुमार सिद्धार्थ क्रमशः हुर्कनुभयो। वहाँको शरीर हृष्टपुष्ट भयो। वहाँको मुहार देख्ने सबैजनालाई राम्रो लाग्दथ्यो। वहाँ आठ वर्षका हुँदा राजा शुद्धोदनले अनेक विद्यामा पारङ्गत गुरुहरू दरबारमा लगाई राजकुमारलाई पढ्ने लेख्ने तथा गणित इत्यादि सिकाउन लगाउनुभयो।

अनेक विद्याहरूमा निपुण गुरुहरूको निर्देशनमा बसेर सिद्धार्थ राजकुमार धेरै विद्यामा छिट्टै पारङ्गत हुनुभयो। यसले गुरुहरू सहित सबैजना आश्चर्य चकित भए। कुनै पनि विषय सिक्न वहाँलाई गाह्रो पर्दैनथ्यो। एकचोटि मात्र सिकेको कुरो पनि याद राख्न सक्नुहुन्थ्यो। वहाँ विद्या पढ्नुमा साह्रै चलाख हुनुहुन्थ्यो। पढेको बिर्सनुहुन्नथ्यो।

वहाँ आफ्नो राजपितापछि राज्य सम्पत्तिका अधिकारी हुनुहुन्थ्यो। तर पनि आफू शिष्यको हैसियतले आफ्ना गुरुहरूलाई मान-मर्यादा गर्न छोड्नुभएन। वहाँ सोच्नुहुन्थ्यो- "गुरुहरूबाट अमूल्य ज्ञान अर्थात विद्या पाउँछौं। यस्ता गुणिला गुरुहरूप्रति कृतज्ञ हुनुपर्दछ।" राजकुमार सबैप्रति राम्रो व्यवहार गर्नुहुन्थ्यो।



शारीरिक बलमा पनि राजकुमार सिद्धार्थ बुद्धि र व्यवहारमा भन्दा कम हुनुहुन्नथ्यो। वहाँ सोमतिला हुनुका साथै धेरै आँटिला पनि हुनुहुन्थ्यो। आफ्ना देशका विभिन्न खेलकूद प्रदर्शनीमा वहाँ सधैं अगाडि पर्नुहुन्थ्यो। वहाँ एक साहसिला घुडसवार पनि हुनुहुन्थ्यो। रथ हाँक्नमा पनि सानै उमेरदेखि सिपालु हुनुहुन्थ्यो।



रथ हाँक्ने प्रतियोगितामा वहाँले देशको सर्वोत्तम पद पाउनुभएको थियो। तर बाजिमा खूब जोरसँग हाँक्नुभए पनि वहाँ आफ्ना घोडाप्रति दयालु हुनुहुन्थ्यो। आफ्नो जीतको लागि उसको क्षमताभन्दा बढ्ता दगुराउनुभन्दा त बरु आफ्नै हार जाति मान्नुहुन्थ्यो।

राजकुमार सिद्धार्थ आफ्नो घोडालाई मात्र दया राख्नुहुन्नथ्यो। वहाँ सम्पूर्ण प्राणीहरूप्रति पनि दया-करुणा राख्नुहुन्थ्यो। वहाँ राजकुमार हुनुभएकोले कहिल्यै कुनै किसिमको दुःख अनुभव गर्न नपरेता पनि अरू अरू प्राणीहरूको दुःखमा आफू पनि दुःखी हुनुहुन्थ्यो। वहाँको धारणा थियो, सबै प्राणीहरू चाहे मनुष्य होस् वा अरू जोसुकै होस्; सबैजना सुख चाहन्छन्। कोही पनि दुःख चाहँदैनन्।



राजकुमार सिद्धार्थ आठवर्षका मात्र हुनुभएको थियो। अन्य प्राणीहरूलाई दुःख-कष्ट हुने सबै व्यवहारबाट सधैं पछि हट्नुहुन्थ्यो। यदि कोही दुःख-कष्टमा परेको देखेमा तिनीहरूलाई छुट्कारा दिलाउने कोसिस गर्नुहुन्थ्यो। एकदिनको कुरो हो, वहाँले एकजना अर्को दरबारिया राजकुमारले एउटा सर्पलाई पिट्नआँटेको देख्नुभयो। अनि वहाँले तुरन्त जानुभई उसलाई रोक्नुभयो। त्यो राजकुमार भागेर गयो।



एकदिन राजकुमार सिद्धार्थ अरू अरू कुमारहरूसँग डगुर्दै खेल्दै हुनुहुन्थ्यो। तिनमा एकजना अर्को राजकुमार पनि थियो। उसको नाम देवदत्त थियो। देवदत्त सिद्धार्थका काकाको छोरा हो। तापनि बानी-बेहोरा भने दुईजनामा निक्कै फरक -फरक थिए।

राजकुमार सिद्धार्थको मन साह्रै नरम र दयाले भरिएको थियो। वहाँ कहिल्यै कसैलाई दुःख दिनुहुन्नथ्यो। वहाँ कसैले अरूलाई दुःख दिएको हेर्न पनि सक्नुहुन्नथ्यो। वहाँ दुःखीको सेवा गर्न सधैं तत्पर रहनुहुन्थ्यो। तर देवदत्तको बानी भने यसको उल्टो थियो। उ प्राणीहरूलाई काटमार गरेर फाल्थ्यो। त्यसदिन पनि उ धनुष र बाण लिएर आएको थियो। उसले आकाशमा उडिरहेको एउटा हाँसमाथि ताकेर बाण हान्यो। बाण त्यो हाँसको पखेटामा लाग्यो। हाँस दुखेकोले छट्पटाई सिद्धार्थको अगाडि झ्वाट्ट खस्यो। हाँस रगताम्य थियो।



राजकुमार सिद्धार्थ हतार-हतार दगुरेर गई त्यो हाँसकहाँ पुग्नुभयो। हाँसलाई बिस्तारै उठाई अङ्कमाल गरि प्वाँखमा लागेको बाण जतन पूर्वक निकाल्नुभयो। रगत बगेको रोक्न शीतल रस भएको रूखपात घाउमा लगाइदिनुभयो। वहाँले त्यो हाँसलाई सुम्सुम्याउनुभयो। यसरी आफूले बाण हानेर खसालेको हाँस लिएको देखी देवदत्तलाई साह्रै रिस उठ्यो। अनि उसले सिद्धार्थसँग त्यो आफूले बाण हानी खसालेको हाँस माग्यो।



राजकुमार सिद्धार्थले त्यो घायल हाँस देवदत्तलाई दिन मान्नुभएन। सिद्धार्थले भन्नुभयो- "यदि हाँस मरेको भए पो मार्नेले पाउँछ। तर यो त जिउँदै छ। त्यसैले यसको अधिकारी त यसलाई बचाईराख्ने हो।" देवदत्तले जिद्दी गर्दै भन्यो- "यो हाँस मेरै हुन्छ। यसलाई मैले आफ्नै हातले बाण हानेर खसालेको हूँ।" अन्तमा सिद्धार्थले भन्नुभयो- "यो झगडा देशका विद्वान्हरूको सभाबाट नै फैसला गराउनु असल होला।" यो कुरो देवदत्तले पनि मान्यो।

फैसला गरिने सभामा त्यो दिन यो हाँसको मुद्दा पनि आयो। यसबारे सभामा धेरै वाद-दिवाद भयो। केही विद्वान्हरू एकथरीका विचार राख्दथे भने अरूहरू भिन्नै थरीका विचार राख्दथे। एकजना विद्वान्ले भने- "हाँस राजकुमार सिद्धार्थको हुनुपर्छ। कारण सिद्धार्थको विचार जीवन बचाउनु हो।" अर्को विद्वान्ले भने- "हाँस देवदत्तको हुनु पर्दछ। किन भने त्यो हाँस देवदत्तले हानेर खसालिएको हो।" यसरी विभिन्न विद्वान्हरूले आआफ्ना तर्कहरू अगाडि राखेकाले सभा टुङ्गिएन।



अन्तमा एकजना युवा विद्वान् सभासद्ले उठेर ठूलो स्वरले भने- "सत्यतः जीवनको अधिकार भनेको बचाउनखोज्नेको हुन्छ। त्यसो हुनाले जीवनलाई नाश गर्नखोज्नेको अधिकार बिल्कुल हुँदैन। यो घायल हाँसको बारेमा न्यायपूर्वक बोल्दा यसको जीवन रक्षा गर्नखोज्ने पक्षको मात्र हुन्छ। तसर्थ यो हाँसलाई बचाउनखोज्नेको अर्थात् सिद्धार्थ कुमारको होस्।"



युवक विद्वान्को तर्क-सङ्गत कुरालाई सभासद्ले स्वीकृति दियो। अर्थात् सिद्धार्थले बचाउनखोजेको हुँदा त्यो हाँस सिद्धार्थलाई नै दिने निर्णय भयो। राजकुमार सिद्धार्थले हाँसलाई खूब माया गरि घाउ निको नहुन्जेलसम्म पालेर पछि त्यसलाई आकाशमा छोडिदिनुभयो। त्यो हाँस जङ्गलको ठूलो तथा गहिरो पोखरीमा गई आफन्तहरूसँग सुखपूर्वक बस्नगयो। त्यसदिनदेखि देवदत्तले राजकुमार सिद्धार्थउपर प्रतिशोध लिने भावना लिएको थियो।



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग २

सिद्धार्थको विवाह

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो
वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।



त्यसबेला मानिसहरूलाई चाहिने सबैथोक खेतीबाट नै पाइन्थ्यो। किसानहरूले नै समाजलाई चाहिने सबैथोक उब्जाउँथे। खेतीलाई धेरै ठूलो काम मान्दथे। त्यसो हुनाले त्यस जमानामा बर्षनी खेतीको एउटा उत्सव नै हुन्थ्यो। जसमा राजा आफै आफ्ना कर्मचारीहरू सहित खेतमा आई हलो जोत्दथे।



कपिलवस्तुमा ग्रीष्मऋतु बितेर वर्षाऋतु शुरु भयो। यो ऋतु धान रोपिने ऋतु हो। राजा शुद्धोदन रज्जनंगल मङ्गल अर्थात् रोपाईंको चाड मनाउन आफ्ना कर्मचारीहरूका साथ नगरबाट निस्कनुभयो। कपिलवस्तुवासीहरू पनि सबका सब कृषि चाड हेर्न पछि पछि लागे। राजा आफ्ना कलिलो राजकुमार सिद्धार्थलाई समेत लिनलगाई खेतमा जानुभयो।



सबभन्दा अगाडि राजा शुद्धोदनले सुनले मोडिएको हलो लिई उत्सव आरम्भ गर्नुभयो। त्यसपछि खेत जोत्न थाल्नुभयो। अनि राजकर्मचारीहरूले र महाजनहरूले चाँदीले मोडिएको हलो लिई खेत जोत्न थाले। अनि अरू साधारण कृषकहरूले एक एक जोडा गोरु नारिएको हलोद्वारा खेत जोते । जोति सकेपछि रोपाईको लागि सबैले माटो बाउस गर्न थाले।



दिउँसो राजकुमार सिद्धार्थलाई चटक्कै बिर्सेर राजकर्मचारीहरू सबै भोज खानमा मस्त भए। त्यही बेला राजकुमार एक्लै शान्तपूर्वक बस्नुभयो। वहाँले बाक्लो हाँगो भएको एउटा जम्बु बृक्षमुनि ध्यान गर्नुभयो। सर्वप्रथम वहाँले के विचार गर्नुभयो भने- "यहाँ राजपिता, कर्मचारीहरू तथा महाजनहरू रोपाईंको उत्सव मनाउँदै सबैजना रमाई भोज खान लागेका छन्।



तर ती नारिएका गोरुहरूलाई भने कुनै आनन्द थिएन। तिनीहरूले नारिएर साह्रै थाक्ने गरि कडा माटो फुटाउनु पर्दथ्यो। तिनीहरूले फेरेको साँसले नै देखाउँदथ्यो कि तिनीहरूको जीवन कदापि आनन्द दायक थिएन। मानिसहरूले यसरी रमाइलो मानी भोज खाने दिनमा पनि ती निरीह पशुहरूले झन कडा मेहनत गर्नुपर्दछ। कठैबरी यसले आफ्नो मालिकले चाहको बमोजिम काम गरेन भने अझ बेस्सरी कुटाई पनि खानुपर्दछ।"



राजकुमार सिद्धर्थले विभिन्न प्राणीहरूका अरू गतिविधिहरू पनि देख्नुभयो। आफ्नै वरपर वहाँले देख्नुभयो, एउटा छेपारो एउटा साँघुरो प्वालबाट हतरपतर निस्केर ससाना कीरा, फट्याँग्राहरू र आफ्ना काममा व्यस्त कमिलाहरूलाई आफ्नो जिभ्रोले तानेर खानथाल्यो। फेरि एकैछिनमा एउटा सर्प घस्रेर आई त्यो छेपारोलाई निल्यो। यो देखेर राजकुमार वाल्लपरि हेरिरहनुभएको बेलामा अचानक आकाशबाट उडेर आएको एउटा बाजले त्यो सर्पलाई पनि सखाप पाऱ्यो।

राजकुमार सिद्धार्थ झन गहिरो विचारमा डुब्नुभयो। वहाँले मनमनै सोध्नुभयो- “जब यो संसारको यस्तो रीति रहेछ भने हामीले देख्ने राम्रा कुराहरूको पछाडि के नराम्रा कुराहरू लुकेका छैनन् र?” वहाँलाई अनुभव भयो- “म आनन्दसँग बस्न पाएता पनि संसारलाई महान् दुःखले दबाईराखेको छ।” वहाँ अझै सानो बालख हुनुभएता पनि यस्तो-यस्तो विचारको सागरमा डुबिरहँदा बाहिरी कुराको केही अत्तोपत्तो नभएको मानसिक अवस्थामा पुग्नुभयो। अर्थात् एकचित्त भई मनका कल्पना हटिई ध्यानको प्रथम अवस्थामा पुग्नुभयो।



रोपाईं तथा भोज सकिएपछि मात्र सिद्धार्थ कुमारको हेरविचार गर्ने सुसारेहरूलाई याद आयो। हत्तरपत्तर फर्केर आउँदा तिनीहरूले राजकुमारलाई मूर्ति झैं निश्चल ध्यानमग्न भइबसेको देखे। अनि तिनीहरूले वहाँलाई ध्यानबाट ब्युँताई बिन्ती गरे-"अब दरबार फर्कने बेला भइसक्यो।" त्यहाँबाट फर्कंदा पनि बाटोभरि राजकुमार सिद्धार्थको मनमा सम्पूर्ण प्राणीहरूप्रति दयाले भरिएको कल्पना आईरहेको थियो; "प्राणीहरू आफ्नो जीवनलाई असाध्यै माया गर्छन्। तिनीहरू बाँच्नको लागि साह्रै दुःख सहेर बस्दछन्।

यस्तो कुरो थाहापाई राजा शुद्धोदनको मनमा खलबली मच्यो- "मेरो पुत्र अब आध्यात्मिक कुरोमा विचारमग्न हुनथाल्यो। यदि यस्तो विचारलाई नछोडाएमा सिद्धार्थ राज्य र दरबार छोडेर जानेछ।" राजपितालाई पीर भयो; राज्यको उत्तराधिकारी पुत्र दरबारमा नबस्लान् भन्ने। तसर्थ राजपिताले राजकुमारको मन दरबारिया सुख सयलमा नै लगाई राख्नको लागि चाहिने हरेक उपाय गर्ने अठोट गर्नुभयो। सर्वप्रथम राजाले राजकुमारका लागि ३ वटा महलहरू बनाउन लगाउनुभयो।

एकमहल असल जातका काठबाट बनाइएको थियो। त्यसको भित्र सुगन्धित काठका फल्याकहरू बिछ्याइएका थिए। भित्रको हावापानी शीतऋतुको लागि लायक हुने गरि न्यानो पारिएको थियो। अर्को महल गर्मीऋतुको लागि अनुकूल बनाइएको थियो। यसभित्र भुईंमा चिल्ला तथा चम्किला सिंगमरमर बिछ्याइएका थिए । यसले भित्रको हावापानी शीतल हुन्थ्यो। तेश्रो महल असल खालका ईंटाहरूबाट बनाइएको थियो। वर्षाऋतुमा भारीवर्षालाई खप्न सक्नेगरि हरियो झिँगटीले छाइएको थियो। यी तीनै महलहरूका वरीपरी रमाइलो बगैंचा थियो। बगैंचामा पोखरीहरू थिए। ती पोखरीहरूमा सबै किसिमका रङ्गी-विरङ्गी कमलका फूलहरू उमारिएका थिए।



समय बित्दै गयो। राजकुमार सिद्धार्थ बाल्य अवस्था पार गरि युवा अवस्थामा पुग्नुभयो। राजपिताले प्रबन्ध गरिदिएका अनेक रमाइला कुराहरूले पनि राजकुमारलाई गहिरो विचारमा डुब्नबाट रोक्न सकिएन। राजाले यो कुरा चाल पाउनुभयो। राजाले कुमारको चित्तलाई आनन्द र मस्तिमा बाँध्नको लागि गरेका आफ्ना सबै जुक्ति असफल भएको थाहा पाए।



अनि राजाले आफ्ना राजकर्मचारीहरूलाई भेला गराई सोध्नुभयो- "ऋषिले भविष्यवाणी गरे झैं कुमार राज्य छोडीकन उपदेशक जगतशास्ता बन्न जानबाट रोक्ने अरू कुनै उपाय छ र?" राजकर्मचारीहरूले बिन्ती गरे- "राजकुमारको मनमा गृहत्याग गर्ने विचार आउन नदिई दरबार मै भुलाइराख्नलाई एउटी राम्री कन्यासँग विवाह गरिदिनु पर्दछ।"

राजालाई राजकर्मचारीहरूको त्यो सुझाव उचित लाग्यो। "आआफ्नो सौन्दर्य मुताबिक सिद्धार्थबाट उपहार लिनआउन देशका भएभरका अति सुन्दरी कन्या केटीहरू जम्मा होउन्।" भनी इस्तिहार जारी गरियो। भेलाको दिनमा सिद्धार्थले कुन कन्या केटीलाई सबभन्दा बढी मन पराउँदो रहेछ भन्ने चियो लिनलगाउन राजाले केही राजकर्मचारीहरूलाई खटाईदिनुभयो।



आखिर प्रदर्शनीको दिन पनि आइपुग्यो। देशका सुन्दरी कन्या केटीहरू शृङ्गार गरि सजीसजाउ भई मनमोहक ढङ्गले सिद्धार्थको अगाडि आइन्। ती हरेक सुन्दरीले सिद्धार्थबाट कुनै न कुनै उपहार पाइन्। तर तिनीहरू राजकुमार सिद्धार्थबाट उपहार पाउने सौभाग्य पाएर पनि धेरै रमाएनन्। बरु डराइन्। तिनीहरू फर्केर आफ्ना सखीहरूकहाँ पुगेपछि मात्र सजिलो भएको अनुभव गरिन्। केटीहरूलाई यस्तो हुनु स्वाभाविक नै हो।



राजकुमार सिद्धार्थ अरू युवकहरूजस्ता हुनुहुन्नथ्यो। वहाँले ती केटीहरूको सौन्दर्यलाई ध्यान दिएर हेर्नुभएन। वहाँको हात उपहार प्रदान गर्नमा लागिरहेको भएता पनि मनले भने अर्कै महान् विचार गरिरहनुभएको थियो। केटीहरू आपसमा कुरा गर्न थाले, राजकुमार त अरू मानिस जस्तो हुनुहुन्न। देवता जस्तो हुनुहुन्छ।



केटीहरू आउने क्रम सिधिनलाग्दा त्यहाँ राखिएका उपहारहरू पनि सकियो। तर पनि राजकुमार सिद्धार्थ चुपचाप बसिरहनुभयो। वहाँको मन भने अर्कैतिर लागेको देखिन्थ्यो। सुन्दरीहरूप्रति वहाँको वास्ता नै थिएन। यत्तिकैमा एउटी केटी अबेर भएकोले हतार हतार गरि आइपुगिन्।



त्यो केटी आइपुग्दा सिद्धार्थ कुमार अलिकति झस्कनुभएको जस्तो देखियो। यो कुरो त्यहाँ पहरा दिइबसेकाहरूले पनि सुइँको पाए। त्यो भने आफू केटी नै भएता पनि अरू अरू केटी झैं लाज नमानी सोझै राजकुमार सिद्धार्थको मुखतिर ताकेर मुसुक्क हाँसेर सोधी- “मेरोलागि कुनै उपहार बाँकी छ कि ?” राजकुमारले पनि मुसुक्क हाँसेर- “उपहार त सबै सकियो। तर यो एउटा भए पनि लिएर जाउ।” भनी सुनको अति राम्रो सिक्री आफ्नो गर्दनबाट उतारेर आफ्नै हातले उक्त केटीको गलामा पहिराइदिनुभयो।



राजआज्ञा अनुसार चियो लिईबसेकाहरूले राजकुमारको सबै व्यवहारबारे आपसमा छलफल गरे। सोधपूछ गरिहेर्दा थाहा पाइयो; उक्त केटी राजा सुप्रबुद्धकी छोरी यशोधरा रहेछिन्। अनि सबै राजकर्मचारीहरू तुरन्तै फर्केर राजा शुद्धोदनलाई सबैकुरा बिन्ती गरे। भोलिपल्ट राजा शुद्धोदनले सुप्रबुद्धकहाँ केटी माग्न आफ्ना ठूलठूला ओहदाका राजकर्मचारीहरू पठाउनुभयो।



हिमालय निरका यी अति वीर शाक्यहरूको एउटा चलन थियो। विवाह गर्न चाहेको कुनै पनि युवकले आफ्नो खुबी देखाउनु पर्दथ्यो। जस्तैः- अश्वारोहण, तीरन्दाजी र तलवार जुधाउनु आदि। यस्ता कुराहरूमा आफू चलाख एवं योग्य भएको कुरा जन समूहलाई देखाउनुपर्दथ्यो। सिद्धार्थ कुमारले पनि देखाउनुहुने भयो। त्यसो हुनाले शाक्य राज्यका सबै बलिया र चलाख युवकहरूलाई कपिलवस्तुको परीक्षा मैदानमा भेला गराए।



भेला भएका सबैजना युवकहरू अश्वारोहण, तीरन्दाजी तथा तलवार चालउने विद्यामा सिपालु, र चनाखा थिए। ती सबैजनाले आआफ्ना सीप देखाए। अमात्य तथा जनताको त्यो ठूलो भेलाका बीच सिद्धर्थले पनि आफ्नो सीप देखाउनुभयो। तीरन्दाजी सीप प्रदर्शनीमा वहाँले सबभन्दा सिपालु आफ्नो काकाको छोरो देवदत्तले भन्दा पनि टाढासम्म हान्नुभयो।



तलवार चलाउने विषयमा त राजकुमार सिद्धार्थले आफ्नो नरम हातले पनि यति जोरसित हान्नुभयो कि एकै चोटमा रूख त मूला झैं छिनिएर पनि तटस्थ रह्यो। हेर्नेहरू दङ्गदास भए। रूख छिनियो। तर ढलेको थिएन। हावाको झोक्काले रूख बिस्तारै भुईंमा ढल्दा मानिसहरू के देख्दथे भने, काटिएको यति सफा छ; मानो घिउ काटिएको झैं देखिन्थ्यो। यसपटकको खड्ग प्रहारमा आफ्नी सानी आमाका पुत्र राजकुमार नन्दलाई जितेर वहाँ पहिला हुनुभयो। त्यहाँ भेला भएका दर्शक वर्गले त खड्ग प्रहारमा नन्द कुमारलाई कसैले पनि जित्न सक्दैन भनी ठानेका थिए।



त्यसपछि अश्वारोहण कला देखाउने पालो आयो। राजकुमार सिद्धार्थले अति छिटो दौडने कण्ठक भन्ने घोडा चढेर सजिलै अरू प्रतियोगीहरूलाई पछाडि पार्नुभयो। कोहीकोहीले भने-"यसरी राजकुमारले सजिलै जित्नुभएको वहाँको घोडाको कारणले हुनुपर्दछ। यदि कण्ठक जस्तो शीघ्रधावक घोडा चढ्न पाएको भए हामीले पनि पक्कै जित्नेथियौं। अब अघि पछि कहिल्यै नचढिएको कालो घोडा ल्याई, कसले यसलाई चढ्नसक्छ? अथवा यसको पिठ्यूँमा को धेरै बेरसम्म बस्नसक्छ? भनी जाँची हेरौं।"

युवकहरू प्रत्येकले त्यो कालो घोडाको लगाम समाती त्यसको पिठ्यूँमा चढ्न यथाशक्य कोसिस गरे। तर त्यो नसाधिएको घोडाले झट्का दिई उफ्रेर चढ्नखोज्नेलाई तल भुईंमा पछाडिदिन्थ्यो। क्रमशः अर्जुन राजकुमारको पालो आयो। उनी देशका सर्वोत्तम अश्वारोही मानिन्थे। उनले भने थोरै मात्र मेहनतले त्यो घोडा चढेर घोडालाई मैदानको चारैतिर डगुर्न लगामद्वारा इसारा दिए।

तर एकैछिनमा यस्तो होला भनी कसैले पनि कल्पना गरेको थिएन। त्यो नसाधिएको कालो घोडाले आफ्नो टाउको तथा गर्दन झत्त मास्तिर हुत्त्याई पछाडिका खुट्टाहरूका बलमा उफ्रेर राजकुमार अर्जुनलाई पिठ्यूँबाट भुइँमा पछाडिदियो। यस्तो हुने घटनाप्रति चनाखो भईबसेका उद्धार टोलीले झट्ट आएर उद्धार नगरेको भए, त्यो घोडालाई पिट्दै काबूमा नलिएको भए, त्यसले त्यो राजकुमारको ज्यान समेत लिने थियो।

सम्झौता भएबमोजिम त्यो नसाधिएको जङ्गली घोडाले हङ्गामा मचाएको लगत्तै पछि सिद्धार्थको पालो पर्दथ्यो। सबैजनाले आशङ्का गरे- "यसमा सिद्धार्थको ज्यान जानेछ।" किन भने देशका सर्वोत्तम अश्वारोही ठानिएका राजकुमार अर्जुन नै झन्दै मरेको। तर राजकुमार सिद्धार्थ कति पनि डराउनुभएन। वहाँ बिस्तारै सीधा घोडा भएतिर जानुभयो। अनि एउटा हात त्यसको गर्दनमा र अर्को हातले नाकनिर सुम्सुम्याउँदै केही मिठोमिठो बोली बोलेर घोडाको पिठियूँमा धाप दिनुभयो।



यसपालि त्यो घोडा ठिङ्ग उभिइदिएकोले सबैजना आश्चर्य चकित भए। घोडा सिद्धार्थलाई आफ्नो पिठ्यूँमा चढाइ इसारा बमोजिम राम्ररी हिंड्यो। यसप्रकार त्यो घोडालाई कुनै ठोकपीट नगरिकन नै फूर्तिसाथ सजिलोसित चढेको यो नै पहिलो चोटि हो। किनभने त्यसले अहिले सिद्धार्थबाट पाए झैं पहिले कसैबाट कहिल्यै माया पाएको थिएन।



अन्ततः सबैले स्वीकार गरे, सिद्धार्थ देशका सर्वश्रेष्ठ अश्वारोही हुनुहुन्छ। वहाँ अति सुन्दरी यशोधरादेवीको पति बन्न योग्य हुनुहुन्छ। यशोधरादेवीका पिता राजा सुप्रबुद्ध यो देखेर दङ्ग भए। उनले राजकुमार सिद्धार्थप्रति सन्तुष्ट भई आफ्नो सुपुत्री यशोधरादेवी विवाह गरिदिन स्वीकार गरे।

शुभ-विवाह समारोहमा भेला भएको ठूलो जनसमूहले राजकुमार सिद्धार्थको जयजयकार गर्‍यो। राजकुमार सिद्धार्थको विवाह यशोधरादेवीसँग धूमधाम गरि भयो। विवाहपछि वहाँहरू नवनिर्मित सुन्दर महलमा बस्नुभयो। यो महल राजपिताले आफ्नो राजकुमार तथा राजवधूलाई रमाइलो तथा आनन्दपूर्वक बसाउन युवाहरूको मनपर्ने सम्पूर्ण सुख-सुविधाले पूर्ण गरि बनाइ दिनुभएको थियो। अब राजा शुद्धोदन यस्तो विचार गरि खुशी हुनुभयो- 'अब त मेरो राजकुमार मलाई तथा राजसिंहासनलाई त्यागेर सन्न्यासी बन्न जानेछैन।'

राजकुमार सिद्धार्थको मनमा दरबार छोडी सन्न्यासी बन्न जाने विचार आउन नदिन तथा दरबारको सुख भोगमा बाहेक अरू कुरामा मन जान नदिन राजा शुद्धोदनले धेरै कोसिस गर्नुभयो। शोक-सन्ताप उत्पन्न गराउने किसिमका कुनै कुरा देख्न दिइएन। वृद्ध, रोगी र लास देख्न दिइएन। त्यस्ता कुरासम्म पनि सुनाइएन। राजकुमारका वरिपरि बस्ने सबैजनालाई रातदिन खुशीको तथा आनन्द र मोजमज्जाको कुरा मात्र गराइयो। हँसिलो मुख मात्र देखाउँथ्यो। नाचगान गर्दा पनि कहिल्यै गलेको थाकेको देखाइएन।



राजा शुद्धोदनले राजकुमार सिद्धार्थको त्यो महलको चारैतिर बगैँचा बनाई पर्खालले घेर्न लगाउनुभयो। त्यसको भित्र सुखी तथा आनन्दित भाव प्रदर्शित हुने हँसिलो चेहराका युवाजन मात्र जानपाउँथे। महलभित्र यदि कोही बिरामी भए त्यसलाई तुरन्त बाहिर ल्याइन्थ्यो। निको नहुन्जेलसम्म भित्र जान दिइन्दैनथ्यो। राजकुमारलाई कुनै पनि हालतमा बाहिर जान नदिन पहरेदारहरूलाई कडा आज्ञा दिइएको थियो।



'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग ३

सिद्धार्थको गृहत्याग

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो
वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।

राजा शुद्धोदनले सिद्धार्थलाई धेरै धेरै आनन्द र भोगविलासको प्रबन्ध गरिदिएका थिए। तर दुःखका अनुभवबाट जति टाढा राखेता पनि सिद्धार्थ सुखी हुनसक्नुभएन। वहाँ आफ्नो दरबारिया संसारभन्दा बाहिरी दुनियाँ हेर्न चाहनुहुन्थ्यो। वहाँ हेर्न चाहनुहुन्थ्यो, अरूहरूको जीवन कस्तो हुँदो हो। त्यसो हुनाले वहाँले बारम्बार आफ्ना बुवा शुद्धोदनलाई बाहिरी दुनियाँ हेर्न नपाएको गुनासो पोख्नुभयो।



राजा शुद्धोदनले आफ्नो राजकुमारको नगर घुम्ने चाहनालाई रोक्न सक्नुभएन। अनि वहाँले "फलानो दिनमा सिद्धार्थ राजकुमारले नगर भ्रमण गर्नुहुनेछ। सबैले बाटोघाटो सफासुघर गर। घर-आँगनमा रङ्ग -रोगन लगाउ तथा लिपपोत गर। फूल तथा ध्वजापताकाहरूले सजाउ। नगरलाई झकीझकाउ पार। कसैले बाटोमा बसेर कुनै कामधाम नगर्नू। अन्धो, कुप्रो, घाइते, बूढा-बूढी तथा रोगीहरूलाई कुनै पनि हालतमा बाटोमा आउन नदिनू। यस्ताहरू दैलो थुनेर घरैमा बसिरहनू।" भनेर घोषणा गर्न लगाउनुभयो।



यसरी सबैथोक मिलाई सकिएपछि राजकुमार सिद्धार्थलाई नगर भ्रमणको अनुमति दिइयो। अनि वहाँ राजकीय रथमा बसी नगर भ्रमणमा निस्कनुभयो। वहाँले बाटामा भेटिएका सबै कुराहरूलाई नियालेर हेर्नुभयो। त्यहाँ खुशी तथा हँसिलाहरू मात्र स्वागतार्थ उभिएका देख्नुभयो। नागरिकहरू वहाँलाई आफ्ना बीचमा आउनुभएको देखेर औधी खुशी भए। सबैजनाले वहाँको जयजयकार गरे। कसैले वहाँको बाटोमा लावा तथा फूलहरू छरे।



त्यसैबखत अचानक एकजना बूढो मानिस लँगडाउदै घरबाट बाहिर आइपुग्यो। उसको कपाल फुलेको थियो। जीउमा झुत्रोमुत्रो लगाएको थियो। मुहार कोत्रिएको तथा चाउरी परेको थियो। आँखा अति कमजोर तथा आँसु र चिप्राले लट्पटिएको थियो। मुखमा दाँत एकओटा पनि थिएन। उ आफ्नो कुप्रिएको जीउ थाम्न दुवै हातले एउटा लौरो टेक्दै आएको थियो। उ मुश्किलले आफ्नो जीउलाई ठामेर कराउँदै थियो- "हे दयालुजन! मलाई खाना देउ। म खान नपाई मर्न आँटें।"



बाटोमा यस्तो बूढो मानिस देखेर सबैजना रिसाए। तर सिद्धार्थ कुमारले देख्नेगरि रिस पनि गर्न मिलेन। राजकुमारले नगर भ्रमणमा यस्तो कुनै मानिसलाई नदेखुन् भन्ने राजाको योजना भताभुङ्ग भयो। त्यो बूढो मगन्तेलाई प्रहरीहरूले तुरन्त बाटोबाट हटाई एउटा घरमा हुलाइद्दिने कोसिस गरे। तर सकेनन्। राजकुमार सिद्धार्थले पहिले नै त्यो बूढो मानिसलाई देखिसक्नुभएको थियो।



यस्तो बूढो मानिसलाई देखेर सिद्धार्थलाई अति दुःख लाग्यो। वहाँलाई, यो केको दृश्य हो? भन्ने लाग्यो। अनि आफ्नो प्रिय सारथी छन्दकसँग सोध्नुभयो- "हे छन्दक! त्यो के हो? मानिस त पक्कै होइन होला! यदि मानिस नै हो भने त्यो किन यति बिघ्न कुप्रिएको? अरूको जस्तो उसको कम्मर किन सोझो नभएको? किन त्यसरी थरथर कामेको? कपाल पनि हाम्रो जस्तो नभएर गजबले फुलेको छ? उसको आँखामा के भएको? मलाई भन न छन्दक! यसको मतलब के हो?"



छन्दकले बिन्ती गर्‍यो- "राजकुमार! यस्तोलाई बूढो भनिन्छ। उ जन्मजात त्यसो भएको होइन। उ पनि पहिले जवान छँदा उसको शरीर हृष्टपुष्ट तथा बलियो थियो। उसको कपाल कालो तथा आँखा तेजिलो थियो। तर जति जति समय बित्यो; त्यति त्यति उसको गति यसरी दुर्बल हुँदै गयो। यसमा हजुरले चिन्ता नगर्नुहोला। बूढाबूढी भएपछि सबै जनालाई यस्तै हुन्छ।"



"छन्दक! तिमीले के भन्न खोजेको हँ?" सिद्धार्थले विस्मय पूर्वक सोध्नुभयो- "के सबैजनालाई यस्तै हुनेछ र?"

छन्दकले दृढतापूर्वक जवाब दियो- "यो लोकमा भएका सबै प्राणीहरू धेरै दिन बाँचेपछि यो मानिस जस्तै हुन्छन्। यस्तो हुनबाट कोही मुक्त हुन सक्दैन।"

सिद्धार्थले फेरि सोध्नुभयो- "सबैलाई यस्तै हुन्छ र? छन्दक! तिमी, म, मेरा मुमाबुबा, मेरी पत्नी र हामी सबैजना उ जस्तो नै हुनुपर्नेछ र?" छन्दकले जवाफ दियो- "यस्तै हो हजुर! यस्तो हुनबाट कोही पनि बच्न सक्दैन। यो बृद्धत्त्व हो।"



राजकुमार सिद्धार्थलाई अब नगर घुम्ने इच्छा रहेन। वहाँले छन्दकलाई रथ तुरन्त दरबार फर्काउन अह्राउनुभयो। वहाँ आफूले देखेको भयावह समस्याबारे एकान्तमा बसेर बिचार गर्नुभयो- "अहिले म राजसिंहासनको उत्तराधिकारी छु। तर म तथा मेरा प्रियजनहरू पनि एकदिन यस्तै दुःखद् हालतमा पुग्नेछन्। यसबाट बच्ने उपाय छैन। जो कोही होस्। जहाँ होस्। कसैलाई छोड्दैन। चाहे धनी होस्। चाहे गरिब होस्। चाहे प्रतापशाली होस्। चाहे दीन-हीन होस्। सबैको त्यही गति हुनेछ।"

राजकुमार सिद्धार्थलाई रातमा निद्रा लागेन। आफू तथा आफ्नी पत्नी बूढाबूढी हुनेछन् भन्ने कल्पना गरिरहनुहुँदा मनमा जिज्ञासा उठ्यो- "यस्तो भयानक दुःखबाट मुक्तिको तरिका पत्ता लगाउन किन कोही व्यक्ति कोसिस गर्दैन? अरू सबैथोक गर्न छोडेर सारा मन, वचन र कर्मले यही एउटै विषयमा मात्र लागिपरेमा लोकका सबै प्राणीहरूका लागि उपकार हुने उपाय मैले भेट्टाउन सक्दिन र?"

राजा शुद्धोदनलाई बाटोमा घटेको घटनाको बारेमा बेलीबिस्तार बताइयो। राजाले ठूलो अफसोस गर्नुभयो। अनि अझ धेरै मन लुभाउने र मोज-मज्जाका साधनहरू राजकुमारलाई प्रबन्ध गरिदिनुभयो। तर पनि केही काम लागेन। युवक सिद्धार्थले ती कुराहरूमा कुनै चाख लिनुभएन। बरु वहाँले सर्वसाधारण जनताका दैनिक क्रियाकलाप हेर्न नगर भ्रमण गर्न जानचाहनुभयो।



"सिद्धार्थकुमार फेरि नगर भ्रमणमा जानुहुँदा सामान्य जनताका जीवन देख्नुहुनेछ। जसले सेठका कुलमा अथवा राजा-रजौटाका कुलमा जन्मने सौभाग्य पाएका छैनन्। तिनीहरूले धेरै मेहनतका साथ पसीना बगाई कृषि आदि कार्य गर्नुपर्छ। यस्ता कुराहरू सिद्धार्थले देख्नुहुनेछ। अनि कालदेवल ऋषिको भविष्यवाणी सत्य ठहरिन आउला।" भन्ने कुराको शुद्धोदन राजालाई डर थियो। तर पुत्रस्नेहको कारणले गर्दा अस्वीकार गर्नु पनि उचित ठान्नुभएन। तसर्थ राजकुमारले फेरि एकचोटि नगर घुम्नजाने मौका पाउनुभयो।



अघि झैं रथमा नबसी सिद्धार्थ यसपालि हिँडेर नै भ्रमणमा जानुभयो। वहाँले अरू भद्र-भलादमीहरूका जस्ता लुगाहरू लगाइ राख्नुभएको थियो। छन्दक एकजना मात्र साथमा थियो। उसले पनि पहिले पहिलेको भन्दा भिन्नै प्रकारको पोशाक लगाएको थियो। त्यसो हुनाले वहाँले नगरलाई स्वाभाविक रूपमा देख्नुभयो। नागरिकहरू विभिन्न मेहनतसाध्य काम गर्दै थिए। जस्तै- नकर्मीहरू फलाम पोली फाली, हँसिया तथा पाङ्ग्रा आदि बनाउँदै थिए।



धनीहरूको बस्तीको सडकको दुबै छेउमा हीरा, मोति तथा सुनका गहना पसलहरू थिए। जौहरीहरू विभिन्न गहनाहरू बनाउँदै बेच्दै थिए। कुनै कुनै बाटोमा धोबी र छिपाहरूका पसलहरू थिए। तिनीहरू रङ्गी-बिरङ्गी सुन्दर सुन्दर कपडाहरूलाई घाममा सुकाउँदै थिए। एकछेउमा मिठाईका पसलहरू थिए। ग्राहकहरू मिठाई किन्दै खाँदैथिए। सबैजना खूब मेहनतगरि जाँगरपूर्वक आआफ्ना काममा लागेका थिए। यी कुराहरू देखेर सिद्धार्थको मनलाई आनन्द लाग्यो।



यसप्रकार अभिरुचिपूर्ण कुराहरू हेर्दै जाँदाजाँदै तुरन्त नै राजकुमारलाई दुःख भयो। किन भने वहाँले पछाडिबाट कोही रोई कराई गुहार मागिरहेको जस्तो पीडाको आवाज सुन्नुभयो। एकजना मानिस रहस्यमय ढङ्गले धूलोमा लटपटिएर भुईंमा छट्पटाईरहेको देख्नुभयो। मुख तथा जीउभरि राताराता खटिराले भरिएर फोहर देखिन्थ्यो। आँखाहरू पीडाले फिरफिराउँदथ्यो। उठ्नको लागि दाँत किटी जीउ ठाम्न कोसिस गरेता पनि हरेक पटक भुईंमा नै ढल्दथ्यो।



सिद्धार्थ दया र करुणाका साथ तुरन्त त्यो मानिसको नजिक पुग्नुभयो। वहाँले उसलाई थामेर उठाउनुभयो। उसको शिरलाई आफ्नो घुँडामा थामी केहीछिन सुस्ताउन दिइसकेपछि वहाँले सोध्नुभयो- "कहाँनिर दुखेको छ? किन उठ्न नसकेको हो?" त्यो रोगीले बोल्नखोज्यो। तर बोली फुटेन। आवाज आउनेगरि बोल्न उसको स्वासले पुगेन। अनि राजकुमारले सोध्नुभयो- "हे छन्दक! यो मानिस किन यस्तो भएको? उसको साँस कस्तो भएको हो? उसले किन मेरो प्रश्नको जवाब दिन नसकेको हो?"



छन्दकले आएर बिन्ती गऱ्यो- “हजुर! यसलाई नछुनु होला। यो बिरामी हो। यसको शरीरभित्र भयानक रोग चर्को भएर साँस तान्न पनि गहारो भएको छ। उसको रगत विषले भरिएको हुन्छ। पछि उसको साँस रोकिनेछ। अनि सिद्धार्थले सोध्नुभयो- “के अरू मानिसहरूलाई पनि यस्तो हुने गर्छ र? म पनि यस्तो हुनेछु र?”

“यदि त्यो बिरामीसँग यसरी नजिकिएर लसपस हुनुभयो भने हजुरलाई पनि त्यो रोग सर्नसक्छ। त्यसो हुनाले यसलाई छोड्नु होला। यसलाई समाती नराख्नुहोला।” छन्दकले भन्यो।



"ए छन्दक! यो रोग बाहेक अरू अरू पनि डर लाग्दा कुराहरू छन् के?"

"हजुर धेरै छन्! सबैलाई यस्तै दुःखले च्यापेको हुन्छ।"

"के त कसैले पनि निवारण गर्न सक्दैन र? यस्तो रोगहरूप्रति मनुष्यहरू विजय पाउन सक्दैनन् र?"

"यस्तो हुनु स्वाभाविक हो हजूर । कसैलाई थाहा हुँदैन। कुनदिन कसलाई कुनरोग लाग्ने हो? किन भने रोग भनेको त जो कसैलाई जुनबेला पनि हुनसक्ने कुरो हो।"

"सबैलाई नै हुन्छ र? मालिकहरूलाई पनि, मलाई पनि हुन्छ र?"

"यस्तै हो हजुर! रोगले कसैलाई पनि बाँकी राख्दैन।"



"यदि त्यस्तो हो भने यो लोकमा हरेक प्राणी सधैं भयभीत भईरहनुपर्ने हुन्छ। किन भने कसैलाई थाहा छैन कि आफू आज राती सुतेर भोलि उठ्दा यो मानिस झैं बिरामी परिसकेको हुने हो कि। के यो साँचो कुरो हो?"

"हो हजुर! को कहिले र कुन किसिमको रोगी हुन्छ? भनेर थाहा पाउने कोही छैन। अनि असह्य कष्ट सहेर मर्छ।"

"मर्छ रे! यो के भनेको हो? मर्नु भनेको के हो?

अनि छन्दकले औंल्याउदै सिद्धार्थलाई भन्यो - "उता हेर्नुहोस् ता हजुर!"



राजकुमार सिद्धार्थले के देख्नुभयो भने एउटा समूह रुँदै गइरहेको थियो। त्यसका अगाडि चारजना मानिसहरूले घारोमा एउटा लास लगिरहेको थियो। त्यसको मुहार दुब्लो थियो। डरलाग्दो तालले मुख बाएको थियो। बोक्नेहरूले जसरी चलाएता पनि, उचालेता पनि चुपचाप बसेको थियो। वहाँले विचार गर्नुभयो- "यसरी सबैजना किन रुनुपरेको होला? तथा त्यो लेटेको मानिसले आफूलाई बोक्नेहरूलाई 'अलि सम्हालेर होसियारीसाथ लैजाउ' सम्म पनि किन नभनेको होला?"

88



सिद्धार्थको मनमा झन आश्चर्य लाग्यो; जब तिनीहरूले केही टाढा गइसकेपछि त्यो लासलाई चितामा राखी आगो सल्काइदियो। त्यो लास आगोले खाँदा पनि चुपचाप बसिरहेछ। सिद्धार्थले काँपेको स्वरमा छन्दकसँग सोध्नुभयो- "यो के हो छन्दक? अरूहरूले बालिदिँदा पनि त्यो मानिस किन चुपचाप लेटीरहेको होला?"

"हजुर! त्यो मरेको मानिस हो। हुन त उसँग हात खुट्टाहरू छन्। तर पनि उ केही गर्नसक्दैन। आँखा तथा कान छन्। तर केही काम लाग्दैन। उसले गर्मी जाडो आदि केही चाल पाउँदैन। उसको सारा संवेदनशीलता भनेको नै खतम भइसक्यो। किन कि उ मरिसक्यो।"



"मरिसक्यो रे? ए छन्दक! यो मर्नु भनेको मतलब के हो? म पनि मर्नुपर्छ र? मेरा पिता र पत्नी यशोधरा तथा अरू मैले चिने जानेका सबैजना यो घारोमा लेटाइएको मानिस जस्तै नै मर्नुपर्छ र?"

"हो हजुर! सम्पूर्ण प्राणीहरू एकदिन मर्नैपर्छ। यसबाट बच्ने कुनै उपाय छैन। मरण आउनबाट कसैले रोक्न सक्दैन।"

राजकुमारलाई अचम्भ लाग्यो। वहाँको मुखबाट बोली निस्केन। वहाँलाई लाग्यो, यो अजेय मृत्युले सम्पूर्ण प्राणीलाई दबाइराखेको बडो भयानक छ।

सिद्धार्थ चुपचाप दरबारमा फर्कनुभई आफूले देखेका तथा अनुभव गरेका कुराहरूकोबारे चिन्तन गर्नुभयो- "यो त निक्कै भयानक कुरो हो। सबैजना कुनै न कुनै दिन मर्नै पर्छ। तर यसबाट मुक्त हुने कुनै न कुनै बाटो त अवश्यै हुनुपर्दछ। मेरो आफ्नैलागि, मेरा माता पिताका लागि, घरकी यशोधराका लागि अझ बाँकी सम्पूर्ण प्राणीहरूका लागि। यस्तो अप्रिय कुराको भयबाट बच्ने उपाय मैले अवश्य नै पत्ता लगाउनु पर्छ।"



अर्कोचोटि राजकुमार सिद्धार्थ घोडा चढीकन उद्यानमा चहारी रहनुभएको बेलामा एकजना प्रव्रजितलाई देख्नुभयो। उसले पहेँलो गेरुवा वस्त्र लगाएको थियो। राजकुमारले नियालेर त्यो प्रव्रजितलाई हेर्नुभयो। प्रव्रजितको मनमा शान्ति सुखले भरिएर शीतल भएको आभास वहाँले पाउनुभयो। वहाँले छन्दकसँग यो प्रव्रजित व्यक्तिको व्यवहार तथा आजीविकाबारे सोध्नुभयो। छन्दकले बिन्ती गऱ्यो- "लोकका दुःखदर्द हटाउने उपाय खोज्नका लागि घरबार छोडेका यस्ता ब्यक्तिलाई गृहत्यागी भनिन्छ।" यो सुनेर राजकुमार सिद्धार्थको मन साह्रै प्रमुदित भयो।



त्योदिन वहाँ त्यस उद्यानको एकछेउमा दिनभरि आनन्द तथा सुखपूर्वक बिताउनुभयो। वहाँको मनमा गृहत्याग गर्ने विचार आईरह्यो। त्यसैबेला एकजना आएर बिन्ती चढायो-"हजूरकी अर्धाङ्गिनी यशोधरादेवीले सुन्दर र स्वस्थ छोरा जन्माइन्।" तर राजकुमार सिद्धार्थले यो खबरबाट कुनै खुशी मान्नुभएन। बरू वहाँ बरबराउनुभयो-"मलाई पासो बन्ने राहु उत्पन्न भयो।" वहाँले यस्तो बोल्नुभएकोले सो भरखर जन्मेको राजकुमारलाई 'राहुल' भनी नामकरण गरियो। जसको अर्थ हो 'बन्धन'।



राहुल कुमार जन्मेपनि सिद्धार्थ पुत्रस्नेहमा नपरेको कुरो दरबारका सबैजनाले स्पष्ट देखे। सिद्धार्थको व्यवहार झन बदल्न थाल्यो। वहाँ झन विचार-मग्न हुनुभयो। यसले गर्दा राजा शुद्धोदनलाई साह्रै पीर पर्‍यो। राजकुमारलाई खुशी तथा प्रसन्न पार्नका निमित्त नाचगान गर्न सबभन्दा सिपालु एवं अति सुन्दरी तरुणीहरू दरबारमा लगाइ दिनुभयो। ती कन्याकेटीहरूले यथाशक्य आकर्षक ढङ्गले नाचगान गरिकन राजकुमारलाई खुशी पार्नखोजे।



शुरु शुरुमा राजकुमारले आफ्ना पितालाई बेखुश हुन नदिन त्यो नाचगान हेर्नु र सुन्नुभयो। तर वहाँले त्यसमा धेरैबेर ध्यान दिनसक्नुभएन। वहाँको मन निरन्तर अर्कै कुराहरूमा रुमल्लीरहेको थियो। वहाँले एउटैकुरालाई मात्र विचारयोग्य ठान्नुभयो। त्यो होः "आफूलाई तथा अरूहरूलाई बूढा हुनु, रोगी हुनु र मर्नुबाट कसरी मुक्त गर्ने?" सिद्धार्थको ध्यान तान्न नसकेर नाचगान गर्नेहरूले नाचगान बन्द गरे। तिनीहरू त्यहीँ सुतिहाले।



एकछिनपछि राजकुमार सिद्धार्थ निद्राबाट बिउँझनुभयो। वहाँले सुतिरहेका नट-नटी र गायक गायिकाहरूलाई देख्नुभयो। तिनीहरू थाकेर निदाएका थिए। तिनीहरूले आफ्नो मर्यादाको पनि होश गर्न सकेका थिएनन्। कोही नाक बजाई घरघराउँदै थियो। कोहीले मुख बाएका थिए। कोही आफ्ना गरगहना तथा लुगामा पर्नेगरि मुखबाट र्‍याल चुहाई निदाइरहेका थिए। कोही रिसाएको पिशाच झैं दाह्रा किट्‌दै थिए। कसै कसैका जीउबाट लुगा पनि खुस्केको थियो। यो घीनलाग्दो दृश्य देखेर राजकुमारलाई आश्चर्य लाग्यो- "अघि अघि म यस्ता आइमाईहरूमा कसरी सन्तुष्ट हुनसकेको हूँला!"



"पहिले मन पर्दा र सुन्दरी थानिने यी आईमाईहरूका आकार प्रकार अहिले छि! कस्तो! घीनलाग्दो छ।" यस्तो अस्त-व्यस्त दृश्य देखेर राजकुमार सिद्धार्थको हृदयमा जन्मदेखि आएको वैराग्य जाग्यो। अनि वहाँले यी सारा झमेलाहरूलाई फाली यथार्थ सुख प्राप्त हुने कुरोको खोजीमा जाने निर्णय गर्नुभयो। अनि राजकुमार सिद्धार्थ कसैले पनि चाल नपाउनेगरि चुपचाप उठी बिस्तारै कोठाबाट बाहिर निस्कनुभयो। छन्दकलाई आफ्नो मनपर्ने सेतो कन्थक घोडा तयार गरिल्याउन अह्राउनुभयो।



सिद्धार्थले विचार गर्नुभयो- "राजदरबार छोडेर जान अघि यशोधरा र पुत्र राहुललाई हेर्न जानुपर्‍यो।" अनि तिनीहरू सुतेको कोठामा जानुभयो। त्यहाँ यशोधरादेवी पुत्रलाई अङ्कमालगरि निदाइरहेकी थिइन्। वहाँको मनमा आयो-"यदि मैले राहुललाई लिएँ भने यशोधरादेवी बिउँझनेछे। यस्तो भएमा मेरो गृहत्यागमा बाधा पर्नेछ। तसर्थ म तुरन्तै जानुपर्‍यो। बरू ज्ञान पाएपछि आएर भेट्नेछु।" अनि त्यही मध्यरातमा कसैले चाल नपाउनेगरि राजकुमार सिद्धार्थ राजदरबारबाट निस्कनुभयो।



सिद्धार्थ बुझक्कड कण्ठक घोडाको पिठ्यूँमा बसेर नगर-द्वारको बाहिर पुग्नुभयो। कसैले नबिठोल्नेगरि छन्दक पनि सँगै गयो। अलि पर पुगेपछि राजकुमार सिद्धार्थले घोडालाई एकचोटि पछाडि फर्काई पूर्ण-चन्द्रको प्रकाशमा अन्तिम पटक कपिलवस्तु नगरलाई हेर्नुभयो। तर वहाँको मनले भने हर तरहले गृहत्यागगरि जानमा नै भलो थान्नुभयो।



राजकुमार सिद्धार्थ कण्ठक घोडा चढेर मिरमिरे उज्यालो हुँदा अनोमा नदीपारि पुग्नुभयो। त्यहाँ वहाँले घोडाबाट ओर्लेर नदीको बालुई किनारमा उभिनुभयो। अनि आफ्ना लगाएका वस्त्र -आभरणहरू सबै उतारेर छन्दकलाई दिनुभई अह्राउनुभयो- “यी वस्त्राभरणहरू र कण्ठक घोडा लिएर तिमी कपिलवस्तु नगर फर्क। मेरो विषयमा मातापितालाई खबर गर।” यसरी शाक्यवंशीय राजकुमार सिद्धार्थले प्राणी मात्रको रोग, शोक र पीडामाथि विजय पाउने बाटो पत्ता लगाउन २९ वर्षको उमेरमा मातापिता तथा राज्य श्रीसम्पत्ति सबै त्यागेर प्रव्रजित हुनुभयो।



'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग ४

सिद्धार्थको बुद्धत्वप्राप्ति

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो

वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।



छन्दक सिद्धार्थको वस्त्राभरण तथा कण्ठक घोडा लिएर कपिलवस्तु फर्क्यो। भिक्षु सिद्धार्थ अनोमा नदी नजिकै ६ दिनसम्म अनुप्रिय नामको आँपको घारीमा बस्नुभयो। त्यसपछि वहाँ दक्षिणतिर लाग्नुभई सोझै मगधको राजधानी राजगृह नगरमा पुग्नुभयो। वहाँ बिहान सबेरै राजगृह नगरको छेउको नदीमा स्नान गरिसकेपछि अरू प्रव्रजितहरू जस्तै नै वहाँ पनि भिक्षाटनको लागि नगरमा जानुभयो। नगरवासीहरूले वहाँमा सर्वसाधारण प्रव्रजितमा भन्दा भिन्नै लक्षणहरू भएको देखे। त्यसो हुनाले पाए जति सबभन्दा असल असल खानेकुराहरू वहाँलाई दान दिन ल्याए।



छाक पुग्नेगरि भिक्षा पाइसकेपछि भिक्षु सिद्धार्थ भोजन गर्नको लागि राजगृह नगरबाट निस्की पाण्डव पर्वतमा जानुभयो। त्यसबेला नगरवासीहरूमा सिद्धार्थको बारेमा यस्तो हल्ला-खल्ला मच्यो- "वहाँको स्वभाव सर्वसाधारण प्रव्रजितको भन्दा भिन्न छ। वहाँ सौन्दर्यमा अनुपम र उच्च स्वभावले युक्त हुनुहुन्छ।" त्यहाँका राजा बिम्बिसारले यो कुरा सुनेर एकजना राजपुरूषबाट पत्ता लगाउनुभयो- "सिद्धार्थ कपिलवस्तुका राजसिंहासनका हकदार हुनुहुन्छ। तर ज्ञानको खोजीको लागि भिक्षु हुनुभएको हो।"



राजा बिम्बिसार सिद्धार्थलाई भेट्न पाण्डव पर्वतमा जानुभयो। अनि भिक्षु सिद्धार्थलाई वहाँले आफ्नो राजकाजमा बस्नको लागि आग्रह गर्नुभयो। तर वहाँले मन्जुर गर्नुनभएकोले प्रव्रजित नै भएर पनि दरबारमा बस्न आग्रह गर्नुभयो । ज्ञानको खोजीका लागि सुविधा हुनेगरि भिक्षान्न तथा अन्य कुराहरू चढाउने प्रस्ताव पनि राख्नुभयो। तर वहाँले स्वीकार्नु भएन। अनि बिम्बिसार राजाले अनुरोध गर्नुभयो- "त्यसो भए यहाँले ज्ञान पाईसक्नुभएपछि सर्वप्रथम राजगृह नगरमा आई म राजा तथा मेरा प्रजालाई दर्शन दिनुहोस्।" यो कुरो वहाँले स्वीकार गर्नुभयो ।



भोलिपल्ट भिक्षु सिद्धार्थ राजगृह नगरबाट निस्कनुभई विभिन्न मतका सन्न्यासीहरू बस्ने डाँडातिर लाग्नुभयो। बाटोमा वहाँले शहरतिर लगिँदै गरिएका भेडा बाख्राको ठूलो बथान देख्नुभयो। त्यसमा एउटा कलिलो पाठोको खुट्टामा घाउ लागेर रगत निस्केको थियो। त्यो पाठो खोच्याउँदै बथानलाई पछ्याउँदै थियो। माउ भेडी अति दया र पीडापूर्वक आफ्नो त्यो स्यानो पाठोलाई छिन छिनमा फर्केर हेर्दै गइरहेको थियो। यो देखेर सिद्धार्थको हृदय करुणाले भरियो।



भिक्षु सिद्धार्थ त्यो स्याःनो पाठोलाई बोकी मल्दै भेडाःको बथानलाई पछ्याउनुभयो। वहाँले गोठालाहरूसँग सोध्नुभयो- "दिनभरि घाँस चराएर साँझ गोठमा लैजानुको सट्टा यस्तो मध्यान्ह समयमा यो बथानलाई यसरी कहाँ लग्दैछौ?" गोठालाहरूले बिन्ती गरे- "राजाको हुकुम मुताबिक हामीले भेडा तथा बाख्रा एक -एकशय गरि दिनहुँ नगरमा पुऱ्याउनु पर्छ। यसबाट राजा ठूलो पूजा गर्नुहुन्छ।" अनि वहाँले, 'तिमीहरूसँग म पनि आउनेछु।' भन्नुभई त्यो पाठोलाई बोकेर नै बथानको पछिपछि लाग्नुभयो।



हरेक क्षण आफ्नो मृत्युको नजिक गईरहेका ती पशुहरूको बथानका साथ भिक्षु सिद्धार्थ राजगृह नगर पुग्नुभयो। वहाँ ठूलो पूजा गरिन लागेको त्यो ठाउँ राजप्राङ्गणमा नै जानुभयो। राजा त्यहाँ विभिन्न देवी-देवताहरूको स्तुतिपाठ गरिरहेका ब्राह्मणहरूका साथ बसिरहनुभएको थियो। यज्ञकुण्डमा आगो पनि बालिसकिएको थियो। ब्राह्मण पुरोहितहरू ती भर्खर ल्याइपुऱ्याइएका पशुहरूलाई बाँधी यूपमा राखी काट्न तयार थिए। सर्वप्रथम प्रधान पुरोहितले बलीलाई काट्न खुकुरी उठाउँदा भिक्षु सिद्धार्थले तुरन्त अगाडि सरेर उसलाई रोक्नुभयो।



भिक्षु सिद्धार्थले बडो प्रिय तथा शिष्ट ढंगले राजा बिम्बिसारलाई भन्नुभयो- "महाराज! पुरोहितलाई विचरो प्राणीको ज्यान लिन नदिनुहोस्।" सभासद्लाई अत्यधिक प्रभावित हुनेगरि सम्झाउँदै भन्नुभयो- "भेला भएका सबैलाई थाहा भएकै कुरो हो। जीवन कति आश्चर्यजनक छ। यसलाई नाश भने जो कसैले पनि गर्न सकिन्छ। तर सद्य पार्न भने सकिन्न।" वहाँले अझ भन्नुभयो- "मानिसहरू जस्तै नै हरेक प्राणी आफ्नो जीवनलाई माया गर्छ। मरण देखी सबैजना डराउँछन्। आफैजस्ता प्राणीहरूको जीवन मानिसहरू किन बलपूर्वक लुट्दछन्?"



भिक्षु सिद्धार्थले अगाडि भन्नुभयो- "यदि मानिसले दया करुणा पाउन चाहन्छ भने पहिले उ आफै दयावान् र करुणावान् हुनुपर्दछ। यदि उसले हिंसा गऱ्यो भने बदलाको रूपमा उसको पनि प्राण हरण हुने कुरो संसारकै नियम हो।" वहाँले ठोकेर भन्नुभयो- "यदि हामी सुख चाहन्छौं भने अरू प्रणीहरूलाई दुःख दिनुहुँदैन। चाहे त्यो स्यानोभन्दा स्यानो नै किन नहोस्। जुन व्यक्तिले दुःख दर्दको बिउ रोपेको छ; त्यसलाई उस्तै प्रकारको फल आउने कुरोमा पनि शङ्का नै मान्नु पर्दैन।"



भिक्षु सिद्धार्थले त्यो पूजा यज्ञमा भेला भएका राजा सहित सन्न्यासी, ब्राह्मण, पुरोहित र नागरिकहरूलाई नरम तथा करुणाले भरिएको मनले तर जोडदारपूर्वक सम्झाउनुभयो। अनि राजा बिम्बिसारले फेरि एकचोटि भिक्षु सिद्धार्थलाई आफ्नो राज्यमा बसी जनतालाई दया करुणाको उपदेश दिएर बस्नुहुन प्रार्थना गर्नुभयो। भिक्षु सिद्धार्थले राजालाई सद्भावनाको लागि धन्यवाद दिनुभयो। चाहेको ज्ञान पाई नसकेकोले त्यहाँ बस्ने कुरो भने अस्वीकार गरि भ्रमणमा जानको लागि राजासित बिदा लिनुभयो।

यसपटक भिक्षु सिद्धार्थ राजगृह नगरबाट निस्कनुभई त्यसबेलाका नाना सिद्धान्तवादी अनेक आचार्यहरू मध्येमा प्रसिद्ध कालाम गोत्रका आलार तपस्वीकहाँ जानुभयो। वहाँले त्यहाँ सम्पूर्ण सिद्धान्त तथा साधनाहरूमा गुरु समान योग्यता हासिल गर्नुभयो। वहाँ शिष्यमा हुनुपर्ने सम्पूर्ण गुणले युक्त हुनुभएकोले आचार्यका अति प्रियपात्र हुनुभयो।



एकदिन आचार्य आलार कालाम तपस्वीले सिद्धार्थलाई भन्नुभयो- "अब मैले जाने जति नै सबै कुरा तपाईंले पनि जान्नुभयो, बुझ्नुभयो। यो सिद्धान्तलाई तपाईंले पनि सिकाउन सक्नुहुन्छ। हामी दुईजनाका बीचमा ज्ञानका बारे कुनै फरक रहेन। म तथा तपाईं मिलेर शिष्यहरूलाई सिकाऔं।" अनि भिक्षु सिद्धार्थले सोध्नुभयो- "के अब गुरुसँग मलाई सिकाउने केहीकुरो बाँकी रहेन र? के तपाईं मलाई रोग, मृत्यु, आदिमाथि विजय पाउने तरिका बताउन सक्नुहुन्न?" आलार तपस्वीले सक्दिन भनी जवाफ दिनुभयो। किन भने वहाँले आफूसँग भएका सबै ज्ञान त सिकाइ नै सक्नुभएको थियो।



आलार कालाम तपस्वीबाट भिक्षु सिद्धार्थले चित्त शान्तगरि इहलोक तथा परलोकमा रहेका कुनै कुराको चाल नपाइने अवस्थाको ध्यान सिकिसक्नुभएको थियो। वहाँको मन त्यसमा लागेको पनि थियो। तर त्यो ज्ञान जन्म, जरा, व्याधि र मरण आदि जीवनका समस्याको पूर्णसमाधान दिन समर्थ थिएन। जुन वहाँले खोजी गर्दै हुनुहुन्थ्यो। त्यसो हुनाले वहाँ आलार कालाम तपस्वीको त्यो आश्रमबाट बिदा लिएर विभिन्न ठाउँहरूमा भ्रमण गर्दै झन माथिल्लो ज्ञानको खोजीमा लाग्नुभयो।



जाँदा जाँदा भिक्षु सिद्धार्थले दर्शनाचार्य उद्दक रामपुत्रको बारेमा सूचना पाउनुभयो। उद्दकरामपुत्र चित्तको बारेमा उच्चज्ञानी हुनुहुन्थ्यो। त्यसैले सिद्धार्थले उनका शिष्यत्वमा बसी पूरा उत्साह एवं मेहनतपूर्वक अध्ययन तथा अभ्यास गर्नुभयो। सिद्धार्थलें यहाँ पनि गुरुसमान योग्यता हासिल गर्नुभयो। वहाँको ज्ञान तथा योग्यता देखी गुरु उद्दक रामपुत्र सन्तुष्ट हुनुभयो। अन्तमा वहाँले पनि भिक्षु सिद्धार्थलाई त्यही आश्रममै शिष्यहरूलाई सिकाई बस्नहुन आग्रह गर्नुभयो।



भिक्षु सिद्धार्थ उद्दक तपस्वीबाट प्राप्त ज्ञानबाट पनि सन्तुष्ट हुनुभएन। यो ज्ञान आलार कालामको भन्दा उच्च थियो। यसले चित्तलाई शान्त पार्दा बाहिरी अनुभव मात्र नहुने होइन; "आफू जीवित छ, कि छैन"; भन्ने कुरोको अनुभव समेत नभएको अवस्थामा पुगिन्छ। तर यति भइसक्दा पनि वहाँले चाहनुभएको जीवनका समस्या सुल्झाउने ज्ञान पाउनुभएन। त्यसो हुनाले वहाँ त्यहाँबाट पनि बिदाबाजी लिएर हिँड्नुभयो। यसपटक वहाँले निर्णय गर्नुभयो- "अब विभिन्न गुरुहरूलाई छोडेर आफ्नै बुद्धि र विचारले तथा आफ्नो मेहनतले नै ज्ञानको खोजी गर्नेछु।"



त्यसबेलाका धार्मिक जनतामा एउटा यस्तो विश्वास थियो- "घरबार त्यागेर सन्न्यस्त भएकाहरू निराहार बसेर तथा अरू विभिन्न तरिकाहरूद्वारा आफ्नो शरीरलाई दुःख दिएमा आफूहरू देवलोकमा अमर भई सुख भोग्न पाइन्छ।" उनीहरू सोच्दथे- "यो लोकमा जति दुःख भोगिन्छ त्यति नै परलोकमा बढी सुख भोग्न पाइन्छ।" त्यसो हुनाले धर्ममा लाग्नेहरू विभिन्न तरिकाद्वारा शरीरलाई दुःख दिई कठोर तपस्या गर्दथे।



यस्ता ब्रतधारीहरूमध्ये कोही कोही आफ्नो आहारको मात्रा क्रमशः घटाउँदै पूरा निराहार बस्ने अभ्यास गर्दथे। शरीर दुब्लो भई हाड छालामात्र बाँकी हुन्थे। कोही कोही एउटामात्र खुट्टाको भरमा उभिई रहन्थे। कोही कोही सधैं हात माथि उठाई राख्दथे। कोही कोही रूखमा झुन्दिएर बस्दथे। कोही कोही कहिल्यै हात नखोलिकन मुठी पारि राख्दथे। कोही कोही हत्केला नै छिचोल्नेगरि नङ् बढाएर राख्दथे। कोही कोही फलामका काँडाहरूमाथि सुत्दथे।



भिक्षु सिद्धार्थले पनि तिनीहरूले जस्तै विभिन्न तरिकाबाट शरीरलाई दुःख दिनमा लाग्नुभयो। वहाँले विचार गर्नुभयो-"यदि शरीरलाई दुःख दिई तपस्या गरेको अवस्थामा पक्कै पनि ज्ञान पाउन सकिन्छ होला। उरुवेलमा वहाँले एउटा शान्त र समथर तथा जङ्गल सहितको ठाउँ देख्नुभयो। यहाँ खूब शीतल र साङ्लो पानी भएको नदी कलकल स्वर गर्दै बग्दथ्यो। स्नानादि गर्नका लागि घाट एवं भिक्षाटनको लागि गाऊँ पनि नजिक थियो। वहाँले त्यहीँ बसेर अति उच्चस्तरको तपस्या गर्ने निधो गर्नुभयो। अब मानिसहरू वहाँलाई बोधिसत्त्व पनि भन्नथाले। यसको अर्थ बोधिको खोजीमा लागेको व्यक्ति हो।



त्यसबेला पाँचजना व्यक्तिहरू प्रव्रजित भएर बोधिसत्त्वसँग बस्नआए। उनीहरूका नाम कौडिन्य, भद्दिय, वप्प, महानाम र अस्सजि थिए । उनीहरू कौडिन्य एक्जना बाहेक सिद्धार्थलाई नामकरण गर्ने विद्वान ब्राह्मणहरूका पुत्रहरू हुन्। उनीहरू आफ्ना पिताहरू दिवङ्गत भइसकेका हुनाले उनीहरूका सट्टामा प्रव्रजित भएका हुन्। कौडिन्य एक्जना सिद्धार्थको नामकरण गर्ने बेलाका ब्राह्मण थिए। उनीहरूलाई पञ्च भद्रवर्गीय भनिन्थ्यो। सिद्धार्थलाई तपस्यारत् बेलामा यी पञ्च भद्रवर्गीयहरू मिलेर सेवा गरे। उनीहरू सिद्धार्थले धेरै कठोर तथा महान् त्याग-तपस्या गरेर पाएको ज्ञान सुन्ने आशा गरिबसेका थिए।



सिद्धार्थले अनेक तरहले कठोर तपस्या गर्नुभयो। वहाँले क्रमशः आहार खानु कम गर्नुभयो। हुँदाहुँदा पूरा अनशन नै बस्नुभयो। वहाँको शरीर अति दुब्लायो। हाड छाला मात्र बाँकी रह्यो। तर पनि हतोत्साहित हुनुभएन। वहाँले आफ्नो तपस्या जारी नै राख्नुभयो। वहाँ धेरै दिनसम्म निराहार बस्नुभएकोले शरीर कमजोर भई बेहोश भई भुइँमा लड्नुभयो। यो घटना अचानक एकजना बालक भेडागोठालोले देख्यो। उसलाई लाग्यो, वहाँ निराहार रहनु भएकोले मरिसक्नुभयो होला। किन भने त्यहाँ वरिपरि आउने जाने सबैले वहाँको कठिन तपस्यालाई देखेका थिए; जुन कि उसले पनि देखेको थियो।



त्यसो हुनाले त्यो भेडागोठालोले हत्तर पत्तर एउटा लैनू भेडी बोधिसत्त्वको नजिक ल्याई दूध दुहेर बोधिसत्त्व सिद्धार्थलाई खुवायो। जसले गर्दा बोधिसत्त्व सिद्धार्थ होशमा आउनुभयो। केही छिनपछि वहाँ बस्न पनि सक्नुभयो। अनि मात्र वहाँलाई केही सन्चो अनुभव भयो। वहाँले विचारगरि हेर्नुभयो- 'म किन बेहोश भए हुँला? फेरि कसरी होशमा आएको हुँला?' अन्तमा वहाँले निर्णय गर्नुभयो कि यो बालकले मलाई दूध नख्वाएको भए आफू ज्ञान पाउन अगावै मर्नसक्थ्यो।



त्यो बालक भेडागोठालो बोधिसत्त्वलाई निहुरेर अभिवादन गरि दगुडेर आफ्नो भेडाहरूको बथानमा फर्क्यो। आफूले गरेको कामले उसलाई अपार आनन्द लाग्यो। उसले त्यो महान् बोधिसत्त्व तपस्वीलाई दूध चढाएर जीवन बचाएको थियो।

त्यसैदिन सूर्यास्तको बेलामा केही गवैया आइमाईहरू गीत गाउँदै नगरमा जाँदैथिए। त्यो गीतको आशय यस्तो थियो- "वीणाको तार खुकुलो भएमा स्वर आउँदैन। धेरै कस्सियो भने पनि तार नै चुँडिन्छ। मधुरस्वर निकाल्न चाहनेले वीणाको तारलाई ठिक्कसँग कस्नुपर्छ। अनि मात्र मधुरस्वर निस्कन्छ।"



यो गीत सुनेर बोधिसत्त्वको मनमा विचार उठ्यो- "मैले जीवनरूपी तारलाई अति कस्सिने गरि तन्काएको रहेछु। त्यसैले शरीरलाई अत्यन्त कष्ट भयो। आफूले खोजेको सत्य धर्म नपाउँदै झन्दै जीवनको नै अन्त हुनआँटेको थियो। शरीरलाई कष्ट दिई यसरी घोर तपस्या गर्नु त सत्य धर्मको खोजीको लागि उचित मार्ग रहेनछ।" वहाँले निर्णय गर्नुभयो, शरीरलाई कष्ट दिन छोडेर सत्यधर्म खोज्नको लागि चित्तलाई उच्च स्तरमा पुर्‍याउन कोसिस गर्नेछु। तसर्थ वहाँ हरेक दिन बिहान भिक्षाटन जानुभयो। पाइएको अन्नपान सेवन पनि गर्नुभयो।



बिस्तारै भिक्षु सिद्धार्थ पहिले जस्तै नै बलिष्ठ हुनुभयो। वहाँ निर्मल तथा स्वच्छ भई पहिले राजदरबारमा बस्दा जस्तै नै फुर्तिलो र छाँटिलो देखिनुभयो। अब वहाँलाई एउटा कुरा के स्पष्ट भयो भने शरीरलाई दुःख दिएर ज्ञान पाउनखोज्नु बालुवाको डोरी बाट्नखोज्नु जस्तै नै हो। तर पञ्च भद्रवर्गीयहरूले यसरी बुझेनन्। शरीरलाई कष्ट दिनु एउटा मात्र उपाय हो भन्ने विश्वास छोड्न सकेनन्। त्यसो हुनाले बोधिसत्त्वले शरीरलाई पोस्नुहुँदा तिनीहरूले ठाने कि वहाँ अब लोभी हुनुभयो। तसर्थ उनीहरू बोधिसत्त्वलाई छोडेर इसिपतन मिगदाय वनमा बस्नगए।



त्यसबेला सुजाता भन्ने एकजना महिला थिइन्। तिनले वर वृक्षलाई भाकल गरिराखेकी थिइन्, "पहिलो गर्भमा नै छोरा पाउँ।" भनेर। तिनले चिताए जस्तै नै त्यो भाकल पूरा भएकोले त्यो वरवृक्षलाई खीर चढाउन ल्याइन्। बोधिसत्त्वलाई त्यो वृक्षमुनि बसेको देखी तिनले देवता नै भन्ठानेर खीरले पूजा गरिन्। तिनले यसो पनि भनिन् - "जसरी मेरो इच्छा पूरा भयो; त्यसरी नै हजुरको इच्छा पनि पूरा होस्।" बोधिसत्त्व सिद्धार्थले त्यो तन र मन दुवैका पोषक क्षीर स्वीकार गरि स्मृतिपूर्वक भोजन गर्नुभयो।



बोधिसत्त्व त्यो दिन नेरञ्जरा नदीमा स्नान गरिसकेपछि त्यसको नजिक रहेको शाल वृक्षको घना जङ्गलमा बस्नुभयो। त्यसपछि वहाँले साँझपख सम्बोधि पाउन कोसिस गर्नको लागि उचितस्थान रोज्नुभयो। बटुवाहरूको आवत-जावत बन्द भएपछि त्यो शाल वृक्षको जङ्गलबाट निस्कनुभयो। बीचबाटोमा सोत्थिय भन्ने ब्राह्मण घँसियाले चढाएको घाँस बिछ्याई वहाँ एउटा पीपल रूखमुनि पूर्वाभिमुख गरि बस्नुभयो।



त्यहाँ सिद्धार्थले मनमा अधिष्ठान गर्नुभयो- "मेरो शरीरको रगत सुकेर गएता पनि, मासु खतम भई गएता पनि, छाला, नसा तथा हाडहरू मात्र बचेता पनि आफूले खोजेको ज्ञान नपाएसम्म अर्थात सारा प्राणीहरूलाई जन्म-मरण हुनबाट मुक्त गर्ने विधि पत्ता नलागुन्जेलसम्म यो आसनबाट उठ्दिन।"



त्यसपछि भिक्षु सिद्धार्थले आफ्नो चित्तलाई चाहिने विषयमा मात्र लगाई राख्नका लागि तयार पार्नुभयो। साँसारिक विषय वासनाप्रति रहेको आसक्तिलाई मनमा ठाउँ दिनुभएन। बरु वहाँले विचार गर्नुभयो- "दुःखहरू कसरी उत्पन्न हुन्छन्? यी दुःखहरूबाट कसरी मुक्त हुन सकिन्छ?" तर वहाँ भर्खर ३८ वर्षका युवक हुनुभएकोले मनमा मोज-मज्जाहरूको पनि कल्पना आउँथ्यो। आफू दरबारमा छँदा गरिएका मनोरञ्जक तथा रमाइला कुराहरूको सम्झना मनमा बराबर आइरहन्थ्यो।



यी मायामय कल्पनाहरूले सिद्धार्थको मनलाई सांसारिक जीवनमा लोभ उठाइदिन्थ्यो। दरबारमा फर्केर अघि जस्तै नै आरामकासाथ मनोरञ्जन गरि बस्नजाने इच्छा जागेर आउँथ्यो। तर वहाँको सत्य धर्मप्रतिको अधिष्ठान बलियो रहेकोले आफ्नो सारा मानसिक बल लगाई त्यस्ता कल्पनाहरूलाई जित्ने कोसिस गर्नुभयो। अन्ततः वहाँ सम्पूर्ण खराब विचारहरूलाई नाश गर्न सफल हुनुभयो। अनि हावा शान्त भएपछि पोखरीको पानी स्वच्छ निश्चल भए झैं वहाँको मन शान्त तथा स्वच्छ भयो।



एकाग्र, शान्त र समाधिस्थ भिक्षु सिद्धार्थले मनमनै जीवनका सम्पूर्ण गतिविधिलाई नियाल्नुभयो। यसले वहाँ जन्म-जन्मान्तरका कुरा सम्झनसक्ने हुनुभयो। यस्तो ज्ञानलाई 'पुब्बे निवासानुस्सति ञाण' भनिन्छ। आफ्नो प्रबल ज्ञानबाट अझ विचार गर्नुहुँदा वहाँले "कुन प्रकारका प्राणीहरू जन्मेर मर्छन्; तथा आफ्नो कर्म अनुसार पुनर्जन्म हुन्छन्?" भन्ने कुरा थाहा पाउनुभयो। वहाँले देवताहरूको जस्तै अबाध रूपले देख्नसक्ने 'दिव्यचक्षु ज्ञानद्वारा देख्नुभयो- 'आआफ्ना कर्मको कारणले केही प्राणीहरू असल, सुखी, तथा केही दुःखी भई जन्मन्छन्।'



अन्तमा वहाँले "मनुष्य सहित अन्य प्राणीहरू जन्म मरणको भुमरीमा पर्नाको मूल कारण मोह तथा मायामय सुखप्रतिको आसक्ति नै हो। यस्तो दुःखको जालबाट मुक्त हुने इच्छा छ भने हामीले सम्पूर्ण तृष्णा निरोध गर्नुपर्दछ।" भन्ने कुरा आश्रवक्षय ज्ञानबाट स्पष्ट थाहा पाउनुभयो। वहाँ तृष्णा क्लेशबाट विमुक्त हुनुभयो। वहाँले 'दुःखहरू कसरी उत्पन्न तथा निरोध हुन्छन्' भन्ने समेत ज्ञान पाउनुभयो। यसप्रकार वैशाख पूर्णिमाको जुनेली रातमा सम्यक् सम्बोधि ज्ञान लाभ गर्नुभई ३५ वर्षका भिक्षु सिद्धार्थ बुद्ध हुनुभयो। सम्यक् सम्बुद्ध हुनुभयो।



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग ८

बुद्धको धर्मप्रचार

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो

वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।



सम्यक् सम्बुद्धलाई आफ्नो मनोवाञ्छित ज्ञान पाएकोमा बडो सन्तोष लाग्यो। तसर्थ वहाँ बोधिमण्डपमै आनन्द-मग्न भई बस्नुभयो। यो आनन्द क्लेशसँग युद्ध गर्दाको अनेक असह्य दुःखहरूबाट मुक्त हुनाले पाइएको हो। यहाँबाट वहाँ एक नजिकको वट वृक्षमुनि बस्न जानुभयो। त्यहाँ एकजना ब्राह्मण आइपुगे। उनले शिष्टाचार पूर्वक सन्चो-सुबिस्ता सोधिसकेपछि फेरि सोधे- "भो गौतम! यथार्थमा कस्तोलाई ब्राह्मण भनिन्छ? कसलाई घरानियाँ भनी भन्नुपर्छ?"



भगवान् बुद्धलाई भो भगवान्! अथवा भो शास्ता! भनेर पुकार्नुको सट्टा सो ब्राह्मणले गौरवहीन ढङ्गले नाम गोत्रद्वारा सम्बोधन गरेको भए पनि वहाँ रिसाउनुभएन। सोधेको कुराको सोझै जवाफ दिनुभयो। यो जवाफ त्रिपिटकमा श्लोकबद्ध पाइन्छ। त्यसको भावार्थ यस्तो छ - "सबै पाप बगाई सकेकोलाई ब्राह्मण भनिन्छ। त्यस्तै अहङ्कार त्याग्ने, संयमी, मल रहित, ज्ञानी तथा ब्रह्मचारीलाई घरानियाँ भनिन्छ। तर त्यस्ताले सांसारिकहरूले झैं व्यवहार गर्दैन।" अनि त्यो ब्राह्मण- "श्रमण गौतम हाम्रा मनका कुरा जान्दछन्। श्रमण गौतम हाम्रा मनका कुरा जान्दछन्।" भनी भट्भटाउँदै गयो।



केहीदिनपछि भगवान् बुद्ध अजपाल वृक्षमुनि बस्नुहुँदा दुईजना व्यापारीहरू त्यतातिर आइपुगे। उनीहरूले वहाँलाई शान्त तथा सन्तुष्ट भई बस्नुभएको देखे । अनि उनीहरूले गौरव तथा श्रद्धापूर्वक वहाँलाई सत्तु र मह दान दिए। उनीहरू वहाँका सुन्दर लक्षणहरू एवं अर्तीबाट अति प्रभावित भए। उनीहरूले आफूलाई अनुयायीको रूपमा स्वीकार गर्न बुद्धसँग अनुरोध गरे। तिनीहरू बुद्ध र धर्मको शरण गए। यसै कारणले ती तपुस्स र भल्लिक दुई व्यापारी दाजुभाइहरू सम्यक् सम्बुद्धका प्रथम गृहस्थ श्रावकहरू भए।



त्यहाँ इच्छाअनुसार बसिसक्नुभए पछि बुद्धले भावी कार्यहरूको सम्बन्धमा विचार गर्नुभयो। प्रथमतः कल्पना गर्नुभयो- “मैले पाएको ज्ञान अति गम्भीर छ। यी स्वार्थी जनताले बुझ्न गाह्रै पर्छ।” तर पछि वहाँले आफ्नो महाकरुणा तथा प्रज्ञाद्वारा देख्नुभयो- “क्लेश तथा स्वार्थीभाव थोरै मात्र हुने मुमुक्षुहरूले धर्मलाई बुझ्नेछन्। जस्तै कमल फूलहरूमा सूर्यको किरणसम्म पाएपछि पानीभन्दा माथि उम्रेर फूल फुल्ने छन्। तसर्थ मैले यो उत्तम ज्ञानलाई आफैमा मात्र राखिछोड्नु ठीक छैन। धर्मप्रचार गर्नु आवश्यक छ।”



अनि बुद्धले चिन्तन गर्नुभयो- "प्रथमतः कसलाई उपदेश दिनु बेश होला; कसले यो धर्मलाई बुझ्ला। आलार तपस्वी जेहेन्दार, चलाख र थोरै मात्र क्लेश भएका हुन्। अरूलाई भन्दा उनलाई पहिले निगाहराख्नु असल होला।" वहाँले उनी दिवङ्गत भइसकेको कुरो थाहापाउनुभयो। त्यसपछि उद्दक रामपुत्र तपस्वीलाई सम्झी हेर्दा थाहापाउनुभयो- "उनी पनि दिवङ्गत भइसके।" अन्तमा भगवान् बुद्धले पञ्च भद्रवर्गीयहरूलाई सम्झनुभयो। उनीहरू ऋषिपतन मृगदाय वनमा बसेका थिए। त्यसो हुनाले बुद्धले उतैतिर पाइला चाल्नुभयो।

बुद्ध क्रमशः चारिका गर्दै ऋषिपतन मृगदाय वनमा पुग्नुभयो। पञ्च भद्रवर्गीयहरूले वहाँलाई टाढैबाट देखेर आपसमा सल्लाह गरे- "लौ साथी हो! भिक्षु सिद्धार्थ यतैतिर आउँदैछन्। उनी लोभी-लालची हुन्। तपस्या भङ्ग भएका हुन्। आरामसँग बस्न पल्केका हुन्। हामी उनलाई स्वागत अभिवादन गर्न जानेछैनौं। पात्र-चीवर पनि लिनजानेछैनौं। उनी यहाँ आएमा एउटा आसन मात्र दिनेछौं। चाहेमा बस्लान्। नचाहेमा उभिएर नै बसुन्। यस्तो तपबाट भ्रष्टलाई को स्वागत गर्न जाला र?"



तर अन्तमा बुद्ध नजिक आईपुग्नुहुँदा पञ्च भद्रवर्गीयहरू पहिले सल्लाह गरे जस्तो गरि रहन सकेनन्। उनीहरूलाई लाग्यो, बुद्धमा केही अपूर्व विशेषता, शोभा तथा उच्चभाव छ। महान्ताको लक्षण झल्किन्छ। त्यसो हुनाले उनीहरूको मनमा आफैलाई बिर्सने गरि उत्सुकता जाग्यो। आपसका प्रतिज्ञा पनि बिर्से। कोही वहाँलाई स्वागत गर्न हत्तर-पत्तर अगाडि बढे। कोहीले अभिवादन गरि वहाँबाट पात्र-चीवर मागेर बोकिल्याए। कोहीले बुद्धलाई योग्य हुनेगरि आसन तयार गरे। त्यस्तै कोहीले पानी ल्याई वहाँको पाउ धोइदिए।

भगवान् बुद्ध आउनुभई तयार पारिएको आसनमा बस्नुभयो। अनि भन्नुभयो- "भिक्षुहरू हो! मैले अमृत धर्म पाइसकेको छु। त्यो तिमीहरूलाई बताउनेछु। म तिमीहरूलाई बाटो देखाउनेछु। यदि त्यसलाई तिमीहरूले सुन्यौ, मन लगायौ र भने अनुसार आचरण गर्‍यौ भने धेरै समय नबित्दै आफैले बुझ्नेछौ। अर्को जन्ममा भनी पर्खेर बस्नुपर्दैन। यही जन्ममा फल पाउनेछौ। मैले बोलेको बचनको सत्यता अहिले तुरन्तै देख्नेछौ। त्यस्तै जन्म मरणको दुःखबाट मुक्त अवस्थामा पुग्नेछौ।"



भगवान् बुद्धले यस्तो भन्नुहुँदा पञ्च भद्रवर्गीयहरूले मानेनन्। किन भने पहिले ज्ञान पाउनका लागि वहाँले घोर तपस्या गर्नुभएको तिनीहरूले देखेका थिए। तर पछि छोड्नुभयो। अब आएर 'अमृत धर्म पाएको छु।' भन्नुहुन्छ। त्यसो हुनाले ती पञ्च भद्रवर्गीयहरूले स्वीकार नगरेका हुन्। यस विषयमा बुद्धसँग उनीहरूले खूब जवाफसवाल गरे। बुद्धले भन्नुभयो- "ठीकसँग सुन। के मैले पहिले यस्तो कुरो तिमीहरूलाई भनेको छु र? जन्म-मरणबाट मुक्त हुने ज्ञान पाएँ भनी भनेको छु र?" अनि मात्र तिनीहरूले बुद्धको उपदेश सुन्नमा मन लगाए।



अनि शास्ता (बुद्ध) ले पञ्च भद्रवर्गीय भिक्षुहरूलाई सबभन्दा पहिले 'धम्मचक्क पवत्तन सुत्त' को उपदेश दिनुभयो। सर्वप्रथम कौडिन्यको धर्मप्रति श्रद्धा जाग्यो। उनले बिन्ती गरेपछि बुद्धले उपसम्पदा (पूर्ण भिक्षुत्त्व) प्रदान गर्नुभयो। बुद्ध त्यहाँ दुइजना भिक्षु भिक्षाटन जानुहुँदा तीन जनालाई; त्यस्तै तीनजना भिक्षु भिक्षाटन जानुहुँदा दुईजनालाई धर्मोपदेश दिनुहुन्थ्यो। उनीहरू बुद्धका 'अनत्त लक्खण सुत्त' को उपदेश सुनेर सबैजना अर्हन्त भए। क्लेश नभएका भए। वहाँहरू बुद्धकां प्रथम ५ शिष्यहरू हुनुभयो।

भगवान् बुद्ध ऋषिपतन मै हुनुहुँदा वाराणसी शहरमा एक्जना यश नामको युवक बस्दथे। उनी अनेक विलासिताका साधनहरूले घेराई बस्ने गरे पनि गृहस्थीमा उनको मन लाग्दैनथ्यो। एकदिन उनी घरबाट निस्की बुद्धकहाँ आइपुगे। उनी बुद्धका उपदेश सुनेर प्रव्रजित भए। पिता हुनेले खोज्दै आई बुद्धसँग आफ्नो पुत्र यशको बारेमा सोधे। बुद्धका धर्मदेशना सुनेर उनी पनि आफ्नो पुत्र भिक्षु भएकोमा सन्तुष्ट भए।



आफू त्रिरत्नका उपासक भएको कुरो बुद्धलाई बिन्ति चढाएर बुद्ध प्रमुख सबै भिक्षुहरूलाई भोलीको भोजनको निमन्त्रणा दिई सो सेठ फर्के। पछि यशका ४ जना घनिष्ठ मित्रहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए। यस्तै अझ यशका ५० जना साथीहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए। यी सबैजना उच्च घरानियाहरू थिए। बुद्धका नीति निर्देशन अन्तर्गत रही यिनीहरू धेरै समय नबित्दै अर्हत् फल लाभी भए।



भगवान् बुद्धका शासनमा प्रव्रजित भई अर्हत् भएकाहरू चाँडै नै ६० जना पुगे। अनि बुद्धले भन्नुभयो- "भिक्षुहरू हो! म दैवीय तथा मानुषिक सम्पूर्ण बन्धनबाट मुक्त भएँ। त्यस्तै तिमीहरू पनि मुक्त छौ। असङ्ख्य मानिसहरूलाई हित तथा सुख पुऱ्याउने कुराको प्रचार गर्न जाउ। दुईजना एउटै बाटोबाट नजाउ। आदि, मध्य र अन्तमा उपकारक धर्मको प्रचार गर। परिशुद्ध तथा परिपूर्ण जीवन बिताउने तरिका बताउ। यो लोकमा थोरै मात्र क्लेश हुनेहरू पनि छन्। उनीहरूले नै धर्मका कुरा सुनेर बुझ्नेछन्। धर्म प्रचारका लागि म आफै पनि उरुवेला सेनानिगममा जाँदैछु।"



आफू त्रिरत्नका उपासक भएको कुरो बुद्धलाई बिन्ति चढाएर बुद्ध प्रमुख सबै भिक्षुहरूलाई भोलीको भोजनको निमन्त्रणा दिई सो सेठ फर्के। पछि यशका ४ जना घनिष्ठ मित्रहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए। यस्तै अझ यशका ८० जना साथीहरू पनि बुद्धशासनमा भिक्षु बन्न आए। यी सबैजना उच्च घरानियाहरू थिए। बुद्धका नीति निर्देशन अन्तर्गत रही यिनीहरू धेरै समय नबित्दै अर्हत् फल लाभी भए।



भगवान् बुद्धका शासनमा प्रव्रजित भई अर्हत् भएकाहरू चाँडै नै ६० जना पुगे। अनि बुद्धले भन्नुभयो- "भिक्षुहरू हो! म दैवीय तथा मानुषिक सम्पूर्ण बन्धनबाट मुक्त भएँ। त्यस्तै तिमीहरू पनि मुक्त छौ। असङ्ख्य मानिसहरूलाई हित तथा सुख पुऱ्याउने कुराको प्रचार गर्न जाउ। दुईजना एउटै बाटोबाट नजाउ। आदि, मध्य र अन्तमा उपकारक धर्मको प्रचार गर। परिशुद्ध तथा परिपूर्ण जीवन बिताउने तरिका बताउ। यो लोकमा थोरै मात्र क्लेश हुनेहरू पनि छन्। उनीहरूले नै धर्मका कुरा सुनेर बुझ्नेछन्। धर्म प्रचारका लागि म आफै पनि उरुवेला सेनानिगममा जाँदैछु।"



उरुवेलामा त्यसबेला एकहजार जटिल सन्न्यासीहरू बस्दथे। उनीहरूका नेतृत्त्व काश्यप गोत्रका ३ दाजुभाईहरूले गर्दथे। बुद्धले उनीहरूका विश्वासहरू छोडाउनु भई आफूले पाएको नयाँ ज्ञानका कुरा बुझाइदिनुभयो। यसले उनीहरू साह्रै खुशी भएर बुद्धका शिष्य बने। उनीहरूका एकहजार शिष्य सन्न्यासीहरू पनि बुद्धका शिष्य भए। नाइके तथा अनुयायीहरू सबैजना अर्हत् भए।



तदनन्तर भगवान् बुद्ध पहिले राजा बिम्बिसारलाई वचन दिई राख्नुभएको पूरा गर्न राजगृह नगरमा जानुभयो। वहाँ आफ्ना शिष्यमण्डलीका साथ त्यहाँ यष्ठिवन अर्थात ताल रूखको घारीमा बस्नुभयो। वहाँले त्यहाँ पनि करुणापूर्वक धर्मदेशना गर्नुभयो। अन्तमा राजा बिम्बिसार आफै पनि आई धर्मदेशना सुन्नुभयो। धर्म बुझेपछि राजा प्रमुख ठूलो जनसमूहले आफूहरू बुद्धका अनुयायी भएको घोषणा गरे।



अनि बिम्बिसार राजाले भगवान बुद्धलाई बिन्ती गर्नुभयो- “भन्ते! म युवराज छँदा राज्याभिषेक पाउने बाहेक सम्यक् सम्बुद्ध हुनुभएका आर्य पुद्‌गलको दर्शन गर्न र वहाँको धर्मदेशना पनि सुन्न पाउँ भन्ने इच्छा थियो। अब मेरा सबै इच्छा पूर्ण भईसकेका छन्। तसर्थ म बुद्ध, धर्म र संघका शरणमा पर्दछु।” अनि भोलिपल्ट राजाले आफ्नो वेलुवन (बाँसको घारी) बुद्ध प्रमुख भिक्षुसंघ बस्नको लागि प्रदान गर्नुभयो। यही वेलुवन बुद्धधर्मको पहिलो विहार मानिन्छ। भगवान् बुद्ध तथा भिक्षुसंघ त्यहीं नै बस्नुभयो।



एकदिन बिहानै भगवान् बुद्ध भिक्षाटनका लागि वेलुवन विहारबाट निस्की राजगृह नगरतिर जानुभएको थियो। वहाँले घाटमा एकजना युवक्लाई देख्नुभयो। उ भर्खर नदीमा दुब्की लगाई नुहाई उक्लेको थियो। उसको सारा जीउ पानीले भिजेको थियो। अनि उसले छवटै दिशातिर हेरेर निहुरी निहुरी प्रणाम गऱ्यो। छवटा दिशा भनेको पूर्व, पश्चिम, उत्तर, दक्षिण तथा माथि र तल हुन्। त्यसपछि उसले हरेक दिशामा अक्षता छऱ्यो।



भगवान् बुद्धले उनीसँग 'किन यसरी प्रणाम गरेको हो?' भनी सोध्नुभयो। त्यो युवकले जवाब दियो- "भो भगवान्! मेरा पिताले मरणासन्न कालमा मलाई 'नाना दिशा नमस्कार गर्नू तथा माथिका देवतादेखि तलका पिशाचसम्मलाई पनि खुशी राखी तिनबाट हुने भयबाट बच्नुपर्छ।' भनेर गएका थिए। पिताको त्यो वचनलाई मानेर दिशा-नमस्कार गरिरहेको हूँ।" अनि भगवान्ले भन्नुभयो- "तिमीले आफ्ना पिताको अन्तिम वचनलाई शिरोपर गरिआएको असल कुरो हो। तर तिमीले गरेको ढङ्ग तिम्रो पिताको आशय मुताबिक भएन।"



भगवान् बुद्धले भन्नुभयो- "तिम्रो पिताले पूर्व दिशा नमस्कार गर्नुपर्छ भनेको मतलब तिमीलाई जन्माई हुर्काउने मातापिताको आदर सन्मान तथा सेवा गर भनेको हो। दक्षिण दिशालाई नमस्का गर्नुको अर्थ तिमीलाई ज्ञान गुणका कुरा सिकाउने गुरु आचार्यहरूलाई मान गर भनेको हो। पश्चिम दिशालाई नमस्कार गर्नुको अर्थ सन्तान तथा पत्नीको पालन-पोषण गर भनेको हो। उत्तर दिशा नमस्कार गर्नुको मतलब इष्ट-मित्र तथा आफन्तहरूप्रति असल व्यवहार गर भनेको हो। माथिल्लो दिशा नमस्कार गर्नु भनेको मतलब -"भिक्षु-गुरु आदिलाई



दान-दक्षिणा र पूजा मान गर" भनेको हो। तलतिरको दिशा नमस्कार गर्नुको मतलब नोकर चाकर आदि आफ्ना मातहतमा रहेका व्यक्तिहरूको सुख-सुविधाको ख्याल गर्नु हो। साथै पृथ्वीमा रहेका साना भन्दा साना प्राणीहरूका बाँच्नु तथा आजीविकाको अधिकारलाई स्वीकार गर' भनेको हो। तिम्रा पिताले यस्तो आशय लिई "विभिन्न दिशा नमस्कार गर" भनी गएका हुन्। विभिन्न दिशाबाट आउने भय अन्तरायबाट रक्षा गर; भनेको मतलब यी सबै कुराको राम्ररी पालन गरि आफ्नो निन्दा हुनबाट बचिइरह।" भनेको हो।



त्यसपछि भगवान् बुद्धले उनलाई अनेक कुराहरू सिकाउनुभयो। जस्तै:- हिंसा, चोरी, व्यभिचार, झूठो बोल्नु, मद्यपान आदिबाट अलग्ग भई मेहनती हुनु, सम्पत्तिको सदुपयोग गर्नु, आफू एक्लैले मात्र मोजमज्जा नगर्नु। त्यस्तै आम्दानीभन्दा बढी खर्च नगर्नु। आम्दानी भएकोलाई ४ भाग गरि दैनिक खर्च, कामधन्दा, दानधर्म, तथा भय-विपत्तिका बेलामा खर्च चलाउन एक-एकभाग राख्नुपर्छ" आदि। यी उपदेशहरू सुनेर सो सिगाल नामक युवक भगवान् बुद्धको शरणमा गयो। यी सबै उपदेशहरू सिगालोवाद सुत्तमा बयान गरिएको छ।



भगवान् बुद्ध राजगृहमा बस्नुभएको थियो। त्यसवेला त्यसको नजिकै सञ्जय नामका एकजना परिब्राजक पनि बस्दथे। इनका दुईशय शिष्यहरू थिए। ती मध्ये उपतिस्स तथा कोलित नामका दुई जना अति बुद्धिमान् शिष्यहरू आचार्यको ज्ञानबाट सन्तुष्ट नभई माथिल्लो तथा गम्भीर अमृत धर्मको खोजी गरि हिँडेका थिए। यी दुईजनाका बीच घनिष्ठ मित्रता थियो। यिनीहरूले आपसमा प्रतिज्ञा गरेका थिए, जसले पहिले अमृत धर्म पाउला; उसले आफ्नो साथीलाई तुरन्त बताउनु पर्दछ।



एकदिन बिहान उपतिस्सले राजगृहमा भिक्षाटन गरिरहनुभएका अस्सजित भिक्षुलाई देखे। अनि उनी सो भिक्षुको सोमतिलो, सुकिलो, शान्त तथा नरम व्यवहार देखी प्रभावित भए। उक्त भिक्षु बस्दा, उभिँदा, हिँड्दा तथा भिक्षा ग्रहण गर्दाको ढङ्ग बडो आकर्षक थियो। जति नजिक गयो उति नै आश्चर्य लाग्यो। किनभने उक्त प्रव्रजितको मुहार सुख र सन्तोषले भरिएको, संयमले भरिएको थियो। उपतिस्स मनमनै कल्पना गर्न थाले - "इनी प्रव्रजित पक्कै पनि ज्ञानी हुनुपर्दछ। कमसेकम ज्ञानीका चेला त अवश्य होलान्। इनका आचार्यको उपदेश के होला? मैले पत्ता लगाउनु पर्‍यो।"



उपतिस्सले सोचे, यसरी भिक्षाटनमा लागेको बेलामा सोध्न उचित छैन। तसर्थ अलि पर पर रही उनलाई पछ्याउँदै गई मौका पाएपछि उपतिस्सले अगाडि बढेर वहाँसँग परिचय गरे। अनि सोधे - "भन्ते! हजुरका शारीरिक कृयाकलापहरू शान्त छन्। मुहार चम्किलो छ। म साँच्चिकै थाहा पाउन चाहन्छु, हजुरका गुरु को हुनुहुन्छ? हजुर कसका उपदेशबाट प्रभावित भई घरबार तथा आफन्तहरू छोडेर यो नियममा बस्नुभएको हो? हजुरका गुरुको नाम के हो? वहाँको शिक्षा कस्तो हो?"



अस्सजित भिक्षुले प्रसन्न मुद्रा लिएर जवाफ दिनुभयो - "हे सज्जन! मेरा गुरु राजपाट छोडेर सम्बोधि पाउनुभएका शाक्यवंशीय महाश्रमण हुनुहुन्छ। म वहाँको अनुगमन गरि घरबार छोडी भिक्षु भएको हूँ। वहाँ तथागत सम्यक् सम्बुद्ध हुनुहुन्छ। म वहाँकै शिक्षा तथा अर्ती-बुद्धि अनुरूप आचरण गर्दछु।" उपतिस्सले सोचे- "कहिलेकाहीं यस्तै प्रव्रजितबाट नै अमृत-धर्म थाहा पाउन सकिन्छ।" तसर्थ तुरन्तै सोधिहाले - "भो आदरणीयज्यू! वहाँले बताउनुभएको शिक्षा कस्तो हो? हजुरका गुरु के सिकाउनुहुन्छ? म यसबारे थाहापाउन साह्रै उत्सुक छु।"



अस्सजित भिक्षुले सोमतिलो पूर्वक जवाफ दिनुभयो - "मैले भर्खर मात्र दीक्षा लिएको छु। मैले भगवान् बुद्धका शिक्षा र ज्ञान हासिल गर्न थालेको तथा धर्म विनयमा बसेको धेरै दिन भएको छैन। त्यसो हुनाले वहाँका शिक्षाबारेमा म तपाईलाई विस्तृतरूपमा व्याख्या गर्न सक्दिन।" अनि उपतिस्सले भने - "धेरै सुनेर के हुन्छ र? मुख्य कुरो संक्षिप्त भए पनि बताउनुहोस्।" अनि उक्त भिक्षुले यसरी बताउनुभयो - "जुन वस्तु उत्पन्न भएका हुन्, तथागतले ती सबैका हेतु बताउनुहुन्छ। त्यस्तै त्यसको निरोध पनि बताउनुहुन्छ। उहाँ महाश्रमणको सिद्धान्त यही हो।"



उपतिस्सलाई यो कुरा सुनिरहेको अवस्थामा नै धर्मको स्पष्ट ज्ञान भयो। वहाँको मनमा निश्चय भयो- "उत्पन्न भएका सबै कुरा नाशवान् हुन्।" अनि उपतिस्सले भने - "यदि यो तथ्य कुरो हजुरले आफ्ना गुरूबाट सुन्नुभएको भए वहाँ पक्कै पनि मृत्युबाट मुक्त अवस्था पाइसकेका हुनुपर्दछ। जुन मानव जातिमा पहिले कहिल्यै देखिएका छैनन्।" यति भनिसकेपछि अस्सजित भिक्षुलाई धन्यवाद ज्ञापन गरे। भगवान् बुद्ध विहार गरिरहनुभएको स्थान सोधेर आफूले पाएको ज्ञान आफ्ना साथी कोलितलाई बताउन वहाँसँग बिदाबाजी भई हिंडे।

अब उपतिस्सका मुहार धर्मकथा बताउने अस्सजित भिक्षुको जस्तै नै चम्किलो तथा सन्तुष्ट भयो। उपतिस्स आईरहेको कोलितले टाढैबाट देखे। उनले साथीको मुहार देखेर नै अनुमान लगाए, उनमा केही ठूलो परिवर्तन आएको छ। त्यसो हुनाले सोधे - "हे मित्र! किन तपाईंका मुहार निर्मल तथा तेजिलो छ? तपाईले अमृत-धर्म पाउनुभयो, कि के हो?" उपतिस्सले जवाफ दिए- "हो! मैले अमृत धर्म पाएको छु।" कोलितले विष्मयका साथ हत्तर पत्तर सोधे- "के? अमृतधर्म पायौ रे?" अनि उपतिस्सले आफ्ना प्रिय मित्र कोलितलाई त्यो अज्ञात भिक्षुले बताएको कुरा सुनाए।



कोलितले पनि धर्मलाई तुरन्तै बुझे । अमृत-धर्म भनेको कुनै वस्तुको रूपमा रहेको छैन। रूप, शब्द, गन्ध, रस, स्पर्श तथा अनेक विचार तथा कल्पनाहरूमा पनि छैन। यो अमृतधर्म सृष्टि भएको होइन। त्यसो हुनाले नाश पनि हुँदैन। अन्तमा ती दुबैजना साथीहरू सोझै भगवान्कहाँ गएर भिक्षु बनाईदिनहुन प्रार्थना गरे। पछि दुबैजना अर्हत भए। धेरै ज्ञान र बुद्धि भएका हुनाले भगवान् बुद्धले पछि ती दुवैजनालाई अग्रश्रावक बनाउनुभयो।

भगवान् बुद्ध राजगृह नगरमा बस्नुहुँदा माघ पूर्णिमाका दिन वेलुवनाराममा श्रावकहरूको एउटा ठूलो सभा भयो। यो सभामा बाह्रशय पचासजना अर्हत् भिक्षुहरू सामेल भएका थिए। वहाँहरू नाना दिशामा धर्म-प्रचारार्थ जानुभई आआफ्ना कार्यप्रगति सुनाउन आएका थिए। यसको लागि कुनै पूर्व-योजना थिएन। यस्तो अचानक हुने भेला दुर्लभ हुन्छ। यसले भगवान् बुद्ध सहित अर्हन्त भिक्षुहरूलाई अति सन्तुष्टि मिलेको थियो।



भगवान् बुद्धले यो सभा श्रावकहरूलाई उपदेश दिन तथा नियम आचरणमा लगाउनका लागि उचित ठान्नुभयो। त्यसैले वहाँले धर्मका कुरो संक्षिप्तमा उपदेश दिनुभयो। जुनमा मूल तीनवटा कुराहरू छन्। ती हुन्: - "कुनै पाप नगर्नु, असल कर्म गर्नु, चित्तलाई क्लेशहरूबाट मुक्त तथा शुद्ध राख्नु।" यो भेलाका मुख्य चार विशेषताहरू छन्:-



भगवान् बुद्ध राजगृह नगरमा बस्नुहुँदा माघ पूर्णिमाका दिन वेलुवनाराममा श्रावकहरूको एउटा ठूलो सभा भयो। यो सभामा बाह्रशय पचासजना अर्हत् भिक्षुहरू सामेल भएका थिए। वहाँहरू नाना दिशामा धर्म-प्रचारार्थ जानुभई आआफ्ना कार्यप्रगति सुनाउन आएका थिए। यसको लागि कुनै पूर्व-योजना थिएन। यस्तो अचानक हुने भेला दुर्लभ हुन्छ। यसले भगवान् बुद्ध सहित अर्हन्त भिक्षुहरूलाई अति सन्तुष्टि मिलेको थियो।



भगवान् बुद्धले यो सभा श्रावकहरूलाई उपदेश दिन तथा नियम आचरणमा लगाउनका लागि उचित ठान्नुभयो। त्यसैले वहाँले धर्मका कुरो संक्षिप्तमा उपदेश दिनुभयो। जुनमा मूल तीनवटा कुराहरू छन्। ती हुन्ः - "कुनै पाप नगर्नु, असल कर्म गर्नु, चित्तलाई क्लेशहरूबाट मुक्त तथा शुद्ध राख्नु।" यो भेलाका मुख्य चार विशेषताहरू छन्ः-



भगवान् बुद्ध राजगृह नगरमा बस्नुहुँदा माघ पूर्णिमाका दिन वेलुवनाराममा श्रावकहरूको एउटा ठूलो सभा भयो। यो सभामा बाह्रशय पचासजना अर्हत् भिक्षुहरू सामेल भएका थिए। वहाँहरू नाना दिशामा धर्म-प्रचारार्थ जानुभई आआफ्ना कार्यप्रगति सुनाउन आएका थिए। यसको लागि कुनै पूर्व-योजना थिएन। यस्तो अचानक हुने भेला दुर्लभ हुन्छ। यसले भगवान् बुद्ध सहित अर्हन्त भिक्षुहरूलाई अति सन्तुष्टि मिलेको थियो।



भगवान् बुद्धले यो सभा श्रावकहरूलाई उपदेश दिन तथा नियम आचरणमा लगाउनका लागि उचित ठान्नुभयो। त्यसैले वहाँले धर्मका कुरो संक्षिप्तमा उपदेश दिनुभयो। जुनमा मूल तीनवटा कुराहरू छन्। ती हुन्ः - "कुनै पाप नगर्नु, असल कर्म गर्नु, चित्तलाई क्लेशहरूबाट मुक्त तथा शुद्ध राख्नु।" यो भेलाका मुख्य चार विशेषताहरू छन्ः-



१. भेला भएका सबै भिक्षुहरू अर्हत् हुनुहुन्थ्यो।

२. वहाँहरू सबै जना 'एही भिक्खु' अर्थात भगवान् बुद्धबाट सोझै भिक्षुत्त्व पाउनुभएकाहरू थिए।

३. वहाँहरू कुनै पूर्व-योजना विनानै भगवान् बुद्धको दर्शन गर्न एकैसमयमा आइपुग्नुभएका थिए।

४. भगवान् बुद्धले दिनुभएको यो उपदेशलाई 'ओवाद पातिमोक्ख' भनिन्छ। यसको मतलब त्यो दिनको मूल उपदेश भनिएको हो। त्यसो हुनाले आजसम्म पनि माघपूर्णिमालाई विभिन्न विधि र पूजाआजाकासाथ आयोजना गरि मनाइन्छ।

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग ६

बुद्धको कपिलवस्तु आगमन

लेखक : बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी धम्मारामो

वात् बवरनिवेस विहार, बैंकक् १०२००, थाइल्याण्ड।



"भगवान् बुद्धले सम्बोधि लाभ गरिसक्नुभएर अहिले राजगृह नगरमा बस्नुभएको छ।" भन्ने खबर सुनेर राजा शुद्धोदनले कालूदायी भन्ने कर्मचारीलाई भगवान् बुद्धकहाँ पठाउनुभयो। कालूदायी भगवान् बुद्धका पहिलेका मनपर्ने साथी हो। कालूदायीले, राजा शुद्धोदनले आफू मर्नअगावै पुत्रको मुख हेर्ने इच्छा गरेको कुरा भगवान् बुद्धलाई बिन्ती गरे। भगवान् बुद्धले राजपिताको इच्छा पूरा गर्न कपिलवस्तु जान स्वीकार गर्नुभयो। उचित समय भएपछि भगवान् बुद्ध चारिका गर्दै कपिलवस्तुतिर लाग्नुभयो।



केहीदिनपछि भगवान् बुद्ध आफ्ना श्रावकहरूसँग कपिलवस्तु पुग्नुभयो। त्यहाँ वहाँ निग्रोधाराम भन्ने बगैंचामा बस्नुभयो। राजा शुद्धोदनले वहाँ तथा भिक्षुसंघका लागि प्रबन्ध गरिदिएको यो स्थान नगर बाहिर पर्दछ। भोलिपल्ट बिहान वहाँ भिक्षुसंघका साथ अघि पछि र अन्त झैं कपिलवस्तु नगरको सडकमा पनि लहरै भिक्षा माग्न जानुभयो। यसलाई देखेर कुनै व्यक्तिले राजा शुद्धोदनलाई जाहेर गऱ्यो। राजाको पुत्र भएर पनि भगवान् बुद्धले दुनियाँसँग भिक्षा माग्नुभएकोले राजा शुद्धोदनको चित्त बुझेन।



अनि राजा शुद्धोदन तुरन्त रथ हाँक्न लगाई बुद्धसँग भेट्न जानुभयो। वहाँले बुद्धलाई हातमा भिक्षापात्र लिई भिक्षुसंघका साथ भिक्षा माग्दै हिंड्नुभएको देख्नुभयो। भगवान् बुद्धका पात्र पक्वान्नले भरिएको थियो। जनताहरूले भारी सम्मानका साथ भिक्षा दान दिइरहेका थिए। तर पनि राजालाई यो कुरा चित्त बुझेन। किनभने वहाँलाई लाग्यो,राजखानदानका भएर बुद्धले यसरी घरघर भिक्षा मागीखान सुहाउँदैन। यसबाट आफ्नो राजखानदानको इज्जत रहेन।



राजा शुद्धोदन भगवान् बुद्धको नजिक जानुभयो। अनि अप्रसन्नता देखाएर भन्नुभयो- "पुत्र! यही हो र मैले असल खबर पाएको? यसरी मागीखानलाई दरबार छोडी गएको हो? तिमी राजाका पुत्र हौ। तिमी यो राज्यका अधिकारी हौ। तिमीले आफ्नै जनतासँग भिक्षा मागेर हाम्रो इज्जत लुटायौ। यसरी मगन्तेले झैं माग्दै हिंडेको कुरो हाम्रो खानदानमा कहिले पनि भएको थिएन।"

भगवान् बुद्धले अप्रसन्नता देखाएका आफ्ना पिता राजा शुद्धोदनलाई भन्नुभयो- "महाराज! मैले साँच्चिकै मेरो परम्परा अनुरूप नै गरेको हूँ।" राजाले तुरन्त भन्नुभयो- "मलाई याद भए अनुसार हाम्रो राजवंशका कसैले पनि यसरी भिक्षा मागीखाएको छैन।" अनि भगवान् बुद्धले शान्तपूर्वक भन्नुभयो- "भो महाराज! यो कुरो पनि ठीक छ। तर यहाँ मैले लौकिक कुल गोत्रको कुरा गरेको होइन। अब त तथागत सम्यक् सम्बुद्धहरूका परम्पराका भइसकेको छ।"

तथागत भन्नुको मतलब बुद्ध नै भनिएको हो। तथागतले परम्परा अनुरूप गर्नुभएको भनेको मतलब पहिलेका बुद्धहरूले गर्नुभएको जस्तै भनेको हो। जनतालाई दया राखी यसरी भिक्षाटन गर्ने काम पहिलेका सबै भगवान् बुद्धहरूबाट गरिएको थियो। यो वहाँहरूका लागि योग्य तथा उचित थियो। अहिले तथागतले पनि त्यस्तै गर्नुभएको हो। अनि पछि शुद्धोदन राजालाई भगवान् बुद्धले धर्मका कुरा पनि सुनाउनुभयो। अनि मात्र शुद्धोदन राजाको चित्त बुझ्यो। त्यासपछि राजाले भगवान् बुद्धबाट पिण्डपात्र मागिलिई भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई दरबारमा भिक्षा ग्रहण गर्न निमन्त्रणा गर्नुभयो।

सम्यक् सम्बुद्ध कपिलवस्तुस्थित राजा शुद्धोदनको दरबारमा जानुभयो। राजाले चढाएको स्वादिष्ट भोजन गरिसक्नुभएपछि भगवान् बुद्धले धर्मदेशना गर्नुभयो। आफूले बोधिवृक्षमुनि पाएको दुःखबाट मुक्तिका ज्ञानको उपदेशद्वारा सबैजनालाई सन्तुष्ट पार्नुभयो । भेला भएका भगवान् बुद्धका ज्ञाति बन्धुहरूले आआफूले सुनेको धर्मका कुराहरूलाई जीवनमा उतार्ने प्रण गरि सबैजना त्रिरत्नका शरणमा गए।



यशोधरादेवी पति वियोगबाट धेरै मर्माहत भएकी हुनाले भगवान् बुद्धको दर्शन गर्न आउन सकिनन्। अरूहरूले जस्तै धर्मदेशना सुन्न पनि आउन सकिनन्। बुद्ध भगवान् आफै राजा शुद्धोदनका अनुरोध अनुसार यशोधरादेवीलाई दया राखी दर्शन दिन जानुभयो। राजाले भगवान् बुद्धका समक्ष यशोधरादेवीका असल गुणहरूको बखान गर्नुभयो। भगवान् बुद्धको दर्शन तथा धर्मदेशना सुन्न पाएर तिनी प्रफुल्लित भइन्। जीवनभर धर्मको आचरण गर्ने पनि निर्णय गरिन्।

अर्कोदिन भगवान् बुद्धले आफ्नी सानीआमाका तरफका भाइ नन्दलाई भिक्षु बनाइदिनुभयो। राहुल कुमारलाई पनि बुद्ध शासन मै प्रथम हुनेगरि श्रामणेर बनाइदिनुभयो। यस बाहेक अझ कपिलवस्तुका अरू-अरू युवक कुमारहरू पनि भगवान् बुद्धकहाँ प्रव्रजित हुनआए। भगवान् बुद्ध कपिलवस्तुबाट हिँडिसक्नुहुँदा पनि ६ जना युवकहरू वहाँलाई पछ्याउँदै भिक्षु बन्न आए। उनीहरू हुन:-
१. भद्दिय, २. अनुरुद्ध ३. भग्ग, ४. किम्बिल, ५. आनन्द, र ६. देवदत्त।



भगवान् बुद्ध यी कपिलवस्तुका भिक्षुहरूलाई सँगै लिई फेरि एकचोटि कपिलवस्तुमा आउनुभयो। यसपटक राजा शुद्धोदन साह्रै बिरामी पर्नुभएकोले दर्शन दिन आउनुभएको थियो। पुत्रको दर्शन गर्न पाएकोले राजाको रोग केही हलुको भयो। सबैजनाले राजा निको हुने आशा गरेका थिए। तर उमेर ढलिसकेकोले रोगलाई जित्न सकिएन। दुई-तीनदिनपछि राजा शुद्धोदन झन चर्को भयो। अन्ततः सबैलाई दुःखमा पारी राजा स्वर्गे हुनुभयो।



आफ्नो पति स्वर्गे भएपछि सिद्धार्थलाई दूध ख्वाइकन हुर्काउने सानीआमा महाप्रजापति गौतमीलाई पनि दरबारमा बस्न मन लागेन। उनी आफ्ना पतिको मृत्युले अति दुःखिता थिइन्। अनि धार्मिक जीवन बिताउने इच्छा भएकोले आफ्ना सहचारिणीहरूका साथ दरबारबाट निस्केर भगवान् बुद्धकहाँ गइन्।



महाप्रजापति गौतमीले भगवान् बुद्धसँग "महिलाहरूलाई पनि पुरुषहरूले जस्तै नै भगवान् बुद्धबाट नीति निर्देशन पाई उपदेश सुनी बस्न पाउँ" भनी प्रार्थना गरिन्। भगवान् बुद्धले यसलाई तीनपटकसम्म अस्वीकार गर्नुभयो। भगवान् बुद्धले 'यस्तो इच्छा नगर' भनी प्रतिषेध गर्नुभयो। यसले गर्दा प्रजापति गौतमी तथा सँगै आएका महिलाहरू साह्रै दुःखमानी रोए।



राजा शुद्धोदनको अन्तिम संस्कार सिद्धिएपछि भगवान् बुद्ध कपिलवस्तुबाट हिंड्नुभयो। चारिका गर्दै क्रमशः वैशालीमा पुग्नुभई त्यहाँको महावनमा बस्नुभयो। महाप्रजापति गौतमी पनि केश मुण्डन गराई गेरुवा-वस्त्र पहिरी सखीहरूका साथ हिंडेर धेरैदिन बिताई भगवान् बुद्ध बस्नुभएको ठाउँ महावनमा आइपुगिन्।



महाप्रजापति गौतमीले भगवान् बुद्धसँग "महिलाहरूलाई पनि पुरुषहरूले जस्तै नै भगवान् बुद्धबाट नीति निर्देशन पाई उपदेश सुनी बस्न पाउँ" भनी प्रार्थना गरिन्। भगवान् बुद्धले यसलाई तीनपटकसम्म अस्वीकार गर्नुभयो। भगवान् बुद्धले 'यस्तो इच्छा नगर' भनी प्रतिषेध गर्नुभयो। यसले गर्दा प्रजापति गौतमी तथा सँगै आएका महिलाहरू साह्रै दुःखमानी रोए।



राजा शुद्धोदनको अन्तिम संस्कार सिद्धिएपछि भगवान् बुद्ध कपिलवस्तुबाट हिँड्नुभयो। चारिका गर्दै क्रमशः वैशालीमा पुग्नुभई त्यहाँको महावनमा बस्नुभयो। महाप्रजापति गौतमी पनि केश मुण्डन गराई गेरुवा-वस्त्र पहिरी सखीहरूका साथ हिँडेर धेरैदिन बिताई भगवान् बुद्ध बस्नुभएको ठाउँ महावनमा आइपुगिन्।



लामोबाटो हिँड्नाले महाप्रजापति गौतमी सहित ती महिलाहरूका खुट्टा सुन्निएका थिए। जीउभरि धूलो जमेको थियो। उमेरले बूढी भइसकेकी महाप्रजापति गौतमी भगवान् बुद्धको विहारको ढोकानिर सुँक्क सुँक्क रोई उभिइरहिन्। भिक्षु आनन्दले वहाँलाई देखेर किन यसरी दुःखमानी उभिईबसेकी भनेर सोध्नुभयो। अनि गौतमीले जवाफ दिइन्- "भन्ते आनन्द! भगवान् बुद्ध महिलाहरूलाई भिक्षुणी बन्ने अनुमति दिनुहुन्न। मलाई भने अरूथोक गर्न पटक्कै मन छैन। भिक्षुणी नै हुन चाहन्छु। अनि किन नरुने त?"



भिक्षु आनन्दले भन्नुभयो- "हे गौतमी! यदि कुरो यस्तो हो भने एकछिन यहीँ पर्ख। मैले भगवान् बुद्धसँग यसबारेमा बिन्तीचढाउनेछु।" भिक्षु आनन्द यसरी आश्वासन दिएर जानुभयो। अनि आनन्द भगवान् बुद्धकहाँ पुगेर महिलाहरूलाई भिक्षुणी बनाउन अनुरोध गर्नुभयो। त्यसबेला भगवान् बुद्धले आनन्दलाई यस्तो भन्नुभयो- "आनन्द! यस्तो इच्छा नगर। स्त्रीहरूलाई भिक्षुणी बनाउनको लागि तिमी मलाई जोड नगर।"



तर आनन्दले आफ्नो कोसिस छोड्नुभएन। बारम्बार अनुरोध गरिरहनुभयो। तेस्रो पटकसम्म पनि भगवान् बुद्धले अस्वीकार गर्नुभयो। अनि भिक्षु आनन्दले सोच्नुभयो- "मैले यस तरिकाले भन्दा भगवान् बुद्धले अस्वीकार गर्नुभयो। यदि मैले अरू कुनै तरिकाले भनेको खण्डमा स्वीकार पनि गर्न सक्नुहुन्छ कि।" अनि आनन्दले पुनः भगवान् बुद्धसँग सोध्नुभयो- "भो भगवान् शास्ता! यदि स्त्रीहरूले घरबार छोडी प्रव्रजित भई बुद्धको धर्मविनय अनुसार शुद्धरूपले आचरण गरेमा के तिनीहरूले दुःखबाट मुक्त रहेको निर्वाणगामी चारै मार्गफल पाउन सक्दैनन् र?" भगवान् बुद्धले जवाफ दिनुभयो- "आनन्द! त्यस्तो गर्न सक्दछन्।"



भिक्षु आनन्दले फेरि आग्रह गर्नुभयो- "भगवान् शास्ता ! यदि यस्तो हो भने स्त्रीहरूलाई भिक्षुणी हुने अनुमति दिनुहोस्। महाप्रजापति गौतमीले शास्तालाई धेरै गुण लाएको छ। उनी सिद्धार्थ जीवनबेलाकी सानीआमा तथा धर्ममाता हुन्। उनी आमाको सट्टामा बसी दूध ख्वाएकी हुन्। माता महामायादेवी स्वर्गे भएदेखि नै पालन-पोषण गर्ने तथा शिक्षा दीक्षा दिने हुन्। भो शास्ता! यसकारण महाप्रजापति गौतमीप्रति दया राख्नुहोस्। घरबार छोडी आउने स्त्रीहरूलाई बुद्धको धर्मविनयमा प्रव्रजित भई ब्रह्मचर्य पालन गर्ने अनुमति दिनुहोस्।"



भगवान् बुद्धले भन्नुभयो- "आनन्द! त्यसो भए ठीक छ। यदि महाप्रजापति गौतमीले ८ नियमहरू शुद्धरूपले जीवनभर पालन गर्न स्वीकार गरेमा त्यसैबाट गौतमीको उपसम्पदा होस्।" अनि आनन्दले ती ८ नियमहरू भगवान् बुद्धबाट राम्ररी सुनेर कण्ठ पार्नुभयो। (पुस्तकको अन्तिम पृष्ठमा हेर्नुस्।)



अनि भिक्षु आनन्दले फर्केर आई गौतमीलाई ती सबै कुरा बताउनुभयो। गौतमीले खुशी तथा सन्तुष्ट भई भनिन्- "भन्ते आनन्द! मलाई यो कुरा खुशीसाथ मन्जुर छ। जस्तै कुनै नुहाइ-धुवाइ गरिसकेर सिँगार्न चाहने युवक अथवा युवतीलाई कसैले अति राम्रो तथा सुगन्धयुक्त फूलमाला दिएमा त्यसलाई जसरी प्रसन्नतापूर्वक सम्हालेर लिई शिरमा सिँगार्ने गर्दछ; त्यसरी नै म पनि यी ८ वटा नियमहरूलाई शिरोपर गर्दछु। जीवनभरि म यसलाई होशियारि पूर्वक पालन गर्नेछु।"



भिक्षु आनन्दले फर्केर आई भगवान् बुद्धलाई जम्मै कुरा बिन्ती गर्नुभयो। अनि भगवान् बुद्धले भन्नुभयो- "आनन्द! स्त्रीहरू रहेको धर्म विनय धेरै दिनसम्म टिक्दैन। जस्तै:- स्त्रीहरू धेरै भएको तर पुरुषहरू नभएको घर चोर आदिहरूको सामना गर्नसक्दैन; त्यस्तै स्त्रीहरू भित्रिएको धर्म विनय धेरै दिनसम्म खप्दैन।"



८८ वर्ष उमेरका हुनुहुँदा भिक्षु आनन्दले भगवान् बुद्धको नजिक बसी सेवा गर्ने उपस्थाक पद पाउनुभएको थियो। वहाँ भगवान् बुद्धप्रति विशेष श्रद्धा-भक्ति तथा गौरव राख्ने हुनुहुन्छ। वहाँ भगवान् बुद्धका काकाका छोरा तथा भाइ हुनुहुन्थ्यो। वहाँसँगै अर्को एकजना पनि प्रव्रजित भएको थियो। तर उसको स्वभाव भने वहाँको तुलनामा उल्टो थियो। उ भगवान् बुद्धप्रति इर्ष्यालु तथा प्रतियोगी थियो। उसले भगवान् बुद्धका संघमा फूट ल्याएको थियो। उसको नाम देवदत्त हो।



देवदत्त भिक्षुमा "शाक्यवंशीय राजकुलको हूँ" भन्ने अहङ्कार र घमण्ड थियो। भिक्षु सारिपुत्र र मौद्गल्यायनलाई भिक्षुहरूले भगवान् बुद्धका अग्रश्रावकहरू भनी खूब मान्दथे। त्यसो हुनाले भिक्षु देवदत्त असन्तुष्ट भयो तथा संघबाट बेमेलभई निस्केर बिम्बिसार राजाका पुत्र युवराज अजातशत्रुसँग मितेरी लाउन राजगृह पुग्यो। युवराजको उनीप्रति अनुराग बढ्यो। हुँदाहुँदा युवराजले उसलाई राजगृह नजिक एउटा राम्रो विहार बनाइदिए। देवदत्तको लागि विशेष रूपले सेवा टहल गर्नेहरू पनि राखिदिए।



एकपटक फेरि भगवान् बुद्ध राजगृह जानुभयो। मौका छोपी देवदत्तले भगवान् बुद्धसँग आफूलाई संघका नाइके बनाईदिनहुन अनुरोध गऱ्यो। बुद्धले सोझै अस्वीकार गर्दै भन्नुभयो- "यसो गर्दा उचित प्रतिफल पाइनेछैन । तर देवदत्त आफ्नो विचारमा अडिग रह्यो। भगवान् बुद्धसँग यसको लागि धिपि नै गरिरह्यो । भगवान् बुद्धले यसकुरामा सहमति नदिनु भएता पनि राजकुमार अजातशत्रुले भने पूर्णसहयोग गरे। राजकुमारका पिता राजा बिम्बिसार भने देवदत्तको विचारसँग सहमत थिएनन्। उनी भगवान् बुद्धका पक्का अनुयायी थिए।



देवदत्तले अजातशत्रुलाई आफूप्रति पूर्ण अन्धश्रद्धालु बनाउन अनेक तरिकाहरूको खोजी गर्दै रह्यो । आफूले चाहेका सम्पूर्ण काममा उसले मद्दत पायो। देवदत्तले देख्यो, अब राजकुमार आफ्नो मुठीमा छ। आफूप्रति वफादार छ। उसले राजकुमारलाई उचाली राजपितालाई पदच्युत गराई कैद गरायो। अजातशत्रुले देवदत्तलाई ठूलो हैसियत तथा सम्मान दिए। उसले आफ्ना पितालाई कारागारमा निराहार राखे। जसबाट राजाको मृत्यु भयो।



अब भने भिक्षु देवदत्तले आफ्नो महत्त्वाकाङ्क्षा पूराहुने आशा देख्नथाल्यो। देशमा नयाँ राजा छन्। हर तरहले मद्दत गर्छन्। साह्रै विश्वासिला छन्। त्यसो हुनाले देवदत्तले वाण हान्न जान्नेहरूलाई धेरै रुपियाँ-पैसा दिई भगवान् बुद्धलाई मार्न पठायो। तर भगवान् बुद्धकहाँ पुग्दा वहाँको शान्त, दान्त, सुन्दर तथा संयमित स्वरूप आदि बुद्धका लक्षण देखेर तिनीहरूले बुद्धलाई बाण हान्ने आँट गर्न सकेनन्। उल्टै भगवान् बुद्धलाई शिर निहुराई ढोगेर देवदत्तको पोल खोलिदिए। तिनीहरूले बुद्धसँग क्षमा मागे। भगवान् बुद्धको उपदेश सुनी ती सबैजना त्रिशरणमा गए।



अर्कालाई लगाएर देवदत्तले भगवान् बुद्धको प्राण लिन सकेन। त्यसैले उ आफैले बुद्धलाई मार्ने विचार गऱ्यो। एकदिन उ भगवान् बुद्ध ओहोरदोहोर गर्नुहुने बाटो रहेको गृद्धकूट पर्वतमाथि लुकिरह्यो। भगवान् बुद्ध त्यहाँबाट गइरहनुभएको बेलामा उसले बुद्धलाई मार्न एउटा ठूलो ढुङ्गा खसाल्यो। तर त्यो ढुङ्गा सोझै नझरेर एउटा चट्टानमा ठक्कर खाई सानासाना टुकडा भयो। एउटा धारिलो टुकडाले मात्र भगवान् बुद्धको पाउमा लाग्यो। जसले गर्दा खुट्टाको औंलामा घाउ भई रगत निस्क्यो। तर गम्भीर रूपले घायल भने हुनुभएन। त्यो घाउलाई सिपालु वैद्य कुमारभृत्यले ओखती लगाई निको पारिदियो।



देवदत्त भगवान् बुद्धलाई मार्ने यी कुयोजनाहरू असफल भएपछि अर्को तरिका खोज्दै हिँड्यो। यसपालि उसले भगवान् बुद्ध राजगृह नगरमा भिक्षाटन जानुहुँदा बुद्धको ज्यान लेओस् भनी एउटा बहुलाएको हात्ति बाटोमा छोडिदियो। तर त्यो हात्तिले पनि भगवान् बुद्धलाई केही गरेन। भगवान् बुद्धको महाकरुणाको तेजबाट सो हात्ति शान्त तथा दान्त हुनगयो। यसप्रकार जे गर्दा पनि भगवान् बुद्धको ज्यान लिन असफल भएकोले देवदत्तले यो विचार नै छोडिदियो। तर उसले त्यसको सट्टा संघमा फूट ल्याउने संघभेद गर्ने विचार लियो।



अनि एकदिन देवदत्त बुद्धभन्दा शुद्ध तथा आचारनिष्ठ भनी लोकलाई देखाउन भगवान् बुद्धकहाँ भेट्नगयो। उसले त्यहाँ बिन्ती गऱ्यो- "भगवान् बुद्धले भिक्षुहरूका लागि कडा नियमहरू बनाउनुहोस्। जस्तै: भिक्षुहरू खुल्ला ठाउँमा मात्र बास बसुन्। घरभित्र नबसुन्।" आदि। अन्तमा उसले प्रार्थना गऱ्यो कि भिक्षुहरूले कुनै पनि प्रकारका माछा-मासु नखाउन्। यस्ता नियमहरू बनाउनुहोस्। यस्ता नियम उल्लङ्घन गर्ने भिक्षुलाई संघबाट निकाल्ने भनी बुद्धबाट आज्ञा होस्।



भगवान् बुद्धले देवदत्तको अनुरोधलाई अस्वीकार गर्नुभयो। वहाँले भन्नुभयो- “कोही भिक्षु खुल्ला ठाउँमा बस्न चाहेमा बस्न सक्छ। विहारमा बस्न चाहेमा विहारमा नै बसुन्।” अरू कुराहरूका बारेमा पनि त्यही अनुरूपले भन्नुभयो । अर्थात् यदि भिक्षु भिक्षाटनबाट पाएको खान चाहेमा; फालिएका कपडाको मात्र चीवर लगाउन चाहेमा अथवा शाकाहारी भएर बस्न चाहेमा; त्यसो गरे हुन्छ। तर नगरेता पनि केही आपत्ति छैन। अन्तमा वहाँले देवदत्तलाई चेतावनी दिँदै भन्नुभयो- “संघमा फूट ल्याउने खालका नियम नीति चलाउन नखोज। नत्र भने तिमीलाई नै नराम्रो हुनेछ।”



देवदत्तले भगवान् बुद्धको चेतावनीलाई वास्ता गरेन। झन रिसाएर सभाबाट निस्केर गयो। आफू खूब नियमशील पालन गर्ने भन्ने भान पारी केही नयाँ र अबूझ भिक्षुहरूलाई आफूसँगै लग्यो। आफू त्यसको नाइके बन्यो। भगवान् बुद्धले यसका बारेमा भन्नुभयो- "हे सारिपुत्र! ती नबुझ्ने भिक्षुहरूलाई बुझाउनु पर्छ। ती भिक्षुहरूको रक्षा गर्नुपर्छ।" अनि सारिपुत्र, देवदत्त बसेको ठाउँमा जानुभयो। त्यसबेला उ निदाएको थियो। त्यसो हुनाले सारिपुत्रले भगवान् बुद्धको विचार यथार्थ रूपमा स्पष्ट सुनाउनुभई ती भिक्षुहरूको मन फर्काई तिनीहरूलाई भगवान् बुद्धकहाँ ल्याउनुभयो।



देवदत्त निद्राबाट बिउँझदा आश्रम सुनसान देख्यो। किन यस्तो भयो भनी हेर्दा भिक्षुहरू एकजना पनि बाँकी नरहेको चाल पायो। पछि सारिपुत्रले भिक्षुहरूलाई सँगै लगेको कुरो थाहापायो । अनि उ साह्रै रिसायो। उसको मन र शरीर कमजोर भईसकेको थियो। तसर्थ उ टाढासम्म हिंडेर जान सक्दैनथ्यो। त्यसो हुनाले उ आफ्ना सेवकहरू लगाई डोलीमा बसी भगवान् बुद्धकहाँ गयो।



देवदत्त आइरहेको बारेमा भिक्षुहरूले भगवान् बुद्धलाई बिन्ती गरे- "देवदत्त रिसाहा हो। उसले भगवान् बुद्धलाई कष्ट दिन सक्छ। भगवान् शास्ता लुक्नुहोस्।" तर भगवान् बुद्ध अलिकति पनि हडबडाउनु भएन। भगवान् बुद्धले भन्नुभयो- "देवदत्तले मलाई केही बिगार गर्न सक्दैन।" आखिरमा भगवान् बुद्धको वचन सत्य ठहरियो। खबर आयो- "देवदत्त बीचबाटोमा सुस्ताई बस्दा त्यहीँ मर्‍यो।" त्यस बेलादेखि भिक्षु संघमा बुद्धका जीवनभर कहिल्यै कुनै अशान्ति मच्चेन।

८ गरुधर्म

(८ वटा ठूला नियमहरू)

१. स्त्री प्रव्रजित भएर जति समय भईसकेकीभए पनि आजै मात्र प्रव्रजित भएका भिक्षुलाई पनि मान-मर्यादा राख्नुपर्दछ।

२. भिक्षु नबसेको ठाउँमा भिक्षुणी आफूखुशी बस्न पाउँदैन।

३. हरेक आधा महिनामा भिक्षुसंघले जिम्मा दिइएका भिक्षुबाट उपदेश सुन्नुपर्दछ।

४. पवारणा (आफ्नो दोष व्यक्त) गर्नुपर्छ। भिक्षु तथा भिक्षुणी दुवै पक्षमा दोष प्रक्ट गर्नुपर्दछ ।

५. यदि आपत्ति छ भने स्वीकार गर्नुपर्दछ। यस्तो अवस्थामा भिक्षु-भिक्षुणी दुवै पक्षबाट सो आपत्तिबाट मुक्त हुनुपर्दछ।

६. भिक्षुणी हुन अगावै कमसेकम २ वर्षसम्म व्रतनियम पूरा गरि परीक्षार्थ शिक्षमाना भई बस्नुपर्दछ।

७. भिक्षुलाई गालीगलौज गर्न पाईंदैन।

८. भिक्षुणीले भिक्षुलाई सिकाउने गर्नहुन्न। बरू भिक्षुबाट भिक्षुणीले सिक्नुपर्दछ।



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

बालोपयोगी सचित्र बुद्धजीवनी

भाग ७

बुद्धको महापरिनिर्वाण

लेखक [illegible]दास भिक्खु

भावानुवादक [illegible] विपस्सी धम्मारामो

वात् बवरनिवेस वि[illegible] बैंकक [illegible]०२[illegible]०, थाइल्याण्ड।



सम्यक् सम्बुद्धले ४८ वर्षसम्म धेरै जनताहरूलाई उपदेश दिनुभयो। वहाँले तत्कालीन जम्बुद्वीपका ठूला, साना, राज्य, नगर र गाउँहरूमा कुनै यान वा वाहन बिना खुट्टाकै भरमा धेरै आवत-जावत गर्नुभयो। दाताहरूले बनाई चढाएका आरामहरूमा वर्षाऋतु मात्र बिताउनुहुन्थ्यो। यस्ता आरामहरूमध्ये राजगृह नगरमा राजा बिम्बिसारले बनाई चढाएको वेलुवनाराम र श्रावस्ती नगर नजिक अनाथपिण्डिक सेठले बनाई चढाएको जेतवनाराम प्रमुख हुन्। यी ठाउँहरूमा बस्नुहुँदा भगवान् बुद्धले गर्नुहुने दैनिक क्रियाकलाप तल लेखिए अनुसार छ।



भगवान् बुद्ध बिहान उज्यालो हुन अगावै बिछ्यौनाबाट उठ्नुहुन्थ्यो। स्नानकार्य सिद्धिएपछि समाधिष्ठ भई प्राणीहरूको धर्म बुझ्ने उपनिश्रय (सम्भावना) हेर्नुहुन्थ्यो। अनि उपनिश्रय भएकालाई वहाँ दयापूर्वक उद्धार गर्न जानुहुन्थ्यो। पूरा उज्यालो भईसकेपछि वहाँ चीवर पारुपन (चारैतिर छोप्नु) गरि हातमा पात्र लिई विहार नजिकको गाउँ-बस्तीमा भिक्षाटन गर्नुहुन्थ्यो। वहाँ हिँड्नुहुँदा सधैं बाटोमा मात्र हेर्नुहुन्थ्यो। श्रद्धालुहरूले भिक्षापात्रमा चढाउन ल्याएको खानेकुरालाई स्वीकार गर्नुहुन्थ्यो। भिक्षाटनमा वहाँ कहिलेकाहीं एक्लो जानुहुन्थ्यो भने धेरैजसो भिक्षुसंघका साथ नै जानुहुन्थ्यो।



कहिलेकाहीँ कोही कोही दाताले भगवान् बुद्धलाई निमन्त्रणा गरि आफ्नो घरमा लगी भिक्षा दान गर्थे। यस्तो बेलामा भगवान् बुद्ध सबभन्दा माथिल्लो आसनमा बस्नुहुन्थ्यो। अनि दाताले पात्रमा हाली चढाएको खानेकुरो भोजन गर्नुहुन्थ्यो। भोजन सिध्याई चुथी सकेपछि वहाँ त्यहाँ भेला भएका सबैजनालाई उपदेश दिनुहुन्थ्यो। जस्तैः- खराब भनेको के हो; असल भनेको केहो; सोमत भनेको के हो; के कस्तो कर्म गर्नाले इहलोक तथा परलोकमा सुख वा दुःख हुन्छ; आदि। वहाँ असल कुराहरूमा हिँड्न जनतालाई प्रेरणा दिनुहुन्थ्यो। साहसिलो बनाउनुहुन्थ्यो। यसपछि वहाँ आफ्नो बासस्थान विहारमा फर्कनुहुन्थ्यो।



भोजनोपरान्त भगवान् बुद्ध आफ्नो कोठाभित्र अथवा कुनै रूखमुनि एकान्तमा बसी ध्यान गर्नुहुन्थ्यो। भिक्षुहरू पनि त्यस्तै गर्थे। भिक्षुहरू दिउँसो धर्मशालामा बसी धर्मका कुरा कण्ठ र छलफलै गर्थे। भगवान् बुद्ध साँझतिर धर्मशालामा भिक्षुहरू भेला गराई धर्मदेशना गर्नुहुन्थ्यो। कसैलाई केही नबुझेको भए अथवा शङ्का भएमा त्यसको बारे वहाँले बुझाईदिनुहुन्थ्यो। त्यस्तै वहाँ भिक्षु-भिक्षुणीहरूलाई र उपासक उपासिकाहरूलाई धर्मका कुरा जान्न र सिक्नमा उत्साहित गर्नुहुन्थ्यो। धर्मको आचरणको सुफल बताई त्यसमा लाग्न प्रेरणा दिनुहुन्थ्यो। धर्मको सुफल देखाइदिनुहुन्थ्यो।



भगवान् बुद्धका धर्मदेशना सिद्धिएपछि श्रोताहरू फर्कन्थे। अनि विशेष रूपले सिक्नचाहने भिक्षुहरू मात्र बसी भगवान् बुद्धसँग सोध्दथे। आआफूले गरेका उन्नति भगवान् बुद्ध समक्ष बताउँदथे। कोही ध्यानविषयक कुरा सोधी कण्ठष्ठ गरिसकेपछि अभ्यासको लागि एकान्त ठाउँमा जान्थे। कहिलेकाहीं भगवान् बुद्धले नै विचार गरेर सुन्नेको रुचि, तह, तथा सामर्थ्य अनुरूपको धर्मदेशना गर्नुहुन्थ्यो। यसो गर्नुहुने भएकोले वहाँको उपदेश धेरैजसोले बुझ्दथे।



गर्मीयाममा भए भगवान् बुद्ध इच्छानुसार कुनै एकठाउँमा आराम गर्नुहुन्थ्यो। यही समयमा स्थानीय अथवा नजिकका जनताहरू साँझपख भगवान् बुद्धको दर्शन गर्न आउँदथे। भगवान् बुद्धलाई दान पनि दिन्थे। कोही धर्म मात्र सुन्न आउँथे। भगवान् बुद्ध पनि धनी, गरीब, बच्चा, बूढा, स्त्री वा पुरुष भनेर कुनै किसिमको पक्षपात नगरिकन धर्मदेशना गर्नुहुन्थ्यो। श्रोताहरू सबै जनालाई लाग्दथ्यो, वहाँले त्यो कुरा आफैलाई बताइरहनुभएको हो। प्रायशः उनीहरू बुद्धसहित धर्म र संघका शरण पर्दथे।



सबै श्रोताहरू फर्केर गईसकेपछि भगवान् बुद्ध स्नान गर्नुहुन्थ्यो। यो काम वहाँ इनार, पोखरी वा अरू पानीका मुहानहरूमध्ये कुनै एक ठाउँमा गर्नुहुन्थ्यो। त्यसपछि साँझपख वहाँ ध्यानमा बस्नुहुन्थ्यो। यसपछि टाढाबाट दर्शन गर्न आएका भिक्षुहरूका लागि दर्शन गर्ने पालो हुन्थ्यो। वहाँ उनीहरूलाई दर्शनभेट दिनुभई कुशलवार्ता सक्नुभएपछि उनीहरूसँग धर्म विषयमा छलफल पनि गर्नुहुन्थ्यो। कहिलेकाहीँ अति गम्भीर कुराहरूको पनि चर्चा हुन्थ्यो। यदि आगन्तुक भिक्षुले बताउन नसकेको खण्डमा वहाँ आफैले त्यसको व्याख्या गरि सुनाउनुहुन्थ्यो। उनीहरू धर्मलाई बुझ्नेगरि सुन्न पाएकोमा सन्तुष्ट तथा प्रफुल्लित भई फर्कंथे।



दिनभरि व्यस्त रहनाले थाक्नु भएपछि भगवान् बुद्ध उठेर विस्तारै स्मृतिपूर्वक हिँड्डुल गर्नुहुन्थ्यो। यसरी हिँडडुल गर्नुलाई चंक्रमण भनिन्छ। शरीरको थकान मेटिएपछि वहाँ फेरि एकचोटि भिक्षुहरूलाई सिकाउनु हुन्थ्यो। मध्यरातमा त्यहाँका राजा आदि ठूलाबडा मानिसहरू वहाँसँग धर्म छलफल गर्न आउँदथे। प्रश्नहरू सोद्धथे। वहाँको सन्तोषजनक उत्तर सुनेर उनीहरू हर्षित भई समय हेरि फर्केर जान्थे।

ट



रातमा भगवान् बुद्ध सिंहशय्या आकारमा लेटेर निदाउनुहुन्थ्यो। सिंहशय्या भनेको दायाँ कोल्टो परेर दुबै खुट्टा सँगै तन्काई बायाँ हात जीउमाथि सोझो राखी अर्को हात शिरनिर मोडेर लेट्नुलाई भनिन्छ। वहाँ उठ्ने समयको ख्याल गरि निदाउनुहुन्थ्यो। वहाँ अरुणोदय हुन दुईघण्टा जति अगावै निद्राबाट बिउँझनुहुन्थ्यो। त्यसपछि वहाँ फेरि धर्म बुझाउने तरिका तथा व्यक्तिबारे चिन्तन् गर्नुहुन्थ्यो। वहाँले यसप्रकार गर्नुहुने क्रियालाई बुद्धकृत्य भनिन्छ।

भगवान् बुद्ध ४८ वर्षसम्म यस्तै प्रकारले धर्मप्रचार गर्दै ठाउँ ठाउँमा घुम्नुभयो। यात्राका समयमा बाहेक वहाँ धर्मप्रचार तथा शिक्षा-दीक्षा दिने काममा समय बिताउनुहुन्थ्यो। वहाँ धर्मका कुरा मात्र सिकाउनुहुन्नथ्यो; किन्तु सांसारिक जीवन सरल र शुद्धरूपमा बिताउने तरिकाबारे पनि परिस्थिति र व्यक्ति मुताबिक आफ्नो तीक्ष्ण तथा महान् प्रज्ञाद्वारा स्पष्ट बताइदिनुहुन्थ्यो। कसैलाई केही फरक पार्नुहुन्नथ्यो।



जिज्ञासा लिएर सोध्न आउनेहरूदेखि झन्झट मान्ने अथवा भेट्न नचाहने भन्ने स्वभाव भगवान् बुद्धमा थिएन। वहाँ आफूकहाँ आएका हरेक किसिमका मानिसलाई अर्ति उपदेश दिन सधैँ तयार रहनुहुन्थ्यो। कोही कोही वहाँसँग आफ्नो कुरामा जित्नलाई मात्र सोध्न आउनेहरू पनि हुन्थे। त्यस्तालाई पनि वहाँ मैत्रीपूर्वक उपदेश दिनुहुन्थ्यो। तिनीहरू वहाँका प्रज्ञाबाट पराजित हुन्थे। वहाँका हेतुवादका कुरा सुनी तिनीहरू वहाँका शिष्य भएको घोषणा गर्दथे।



भगवान् बुद्ध ४५ औं वर्षमा धर्मप्रचारार्थ चारिका गर्न जानुहुँदा ८० वर्ष उमेरका भइसक्नुभएको थियो। वहाँले देख्नु भयो, अब धर्मप्रचारार्थ चारिका गर्ने समय खतम हुन आँट्यो। किन भने अब वहाँका शारीरिक बलले साथ दिन छोड्न थालेको थियो। वहाँको मन यद्यपि पहिले जस्तै नै दृढ रहेको भएता पनि वहाँलाई लाग्यो, अब आफ्नो जीवन धेरै दिनसम्म रहनेछैन। वहाँले आफू हुर्केको ठाउँ उत्तरको हिमालयतिर गई परिनिर्वाण हुने इच्छा गर्नुभयो। यसकारण धेरै भिक्षु शिष्यहरूका साथै भिक्षु आनन्दलाई लिई वहाँ राजगृह नगरबाट निस्कनुभयो।

भगवान् बुद्ध पाटलीपुत्र नगर पुग्नुभयो, जुन् ठाउँलाई अहिले पटना शहर भनिन्छ। त्यसपछि वहाँ वैशाली नगरमा पुग्नुहुँदा अम्बपाली गणिकाले त्यहाँका राजकुमारहरूसँग प्रतियोगिता गरि चढाएको आँपको घारीमा बस्नुभयो। वेलुवग्राममा पुग्नुहुँदा वहाँले भिक्षुहरूलाई आआफूलाई पायक पर्ने स्थानहरूमा वर्षावास बस्न आज्ञा दिनुभयो। वहाँ आफै त्यो ग्राममै उपस्थापक आनन्दका साथ वर्षावास बस्नुभयो।



भगवान् बुद्ध वेलुवग्राममा बस्नुहुँदा शिकिस्त बिरामी पर्नुभएको थियो। एकदिन केही सन्चो भएपछि वहाँ विहारको छायाँमा बसि रहनुभएको बेलामा आनन्दले बिन्ती गर्नुभयो- "भो शास्ता! यहाँ पहिले जस्तै नै स्वस्थ हुनुभएको देख्नपाएकोमा मलाई अत्यन्तै आनन्द लाग्यो। केही अघि यहाँलाई चर्को व्यथा हुँदा मेरो चित्त अस्थिर भई बेहोश हुनआँटेको थियो। मलाई लाग्छ, भिक्षुसंघलाई नीति निर्देशन तथा उपदेश दिईनसकुन्जेलसम्म शास्ता परिनिर्वाण हुनुहुनेछैन।



भगवान् बुद्धले भन्नुभयो- "हे आनन्द! भिक्षुसंघले मबाट के आशा गर्दैछ? मैले सम्पूर्ण धर्मविनय बताई नै सकेको छु। निर्वाण प्राप्तिका लागि भिक्षुसंघले जान्नु पर्ने सबैथोक मैले बताई नै सकेको छु। हे आनन्द! अब म बूढो तथा कमजोर भइसकेको छु। मेरो अन्तिम समय आइसकेको छ। म ८० वर्षको भइसकें। तिमीहरू आफैमा भर पर। आफ्नै शरण लेउ। अरू कसैको भर नपर। धर्मको आधार लेउ। धर्मलाई प्रमुख स्थान देउ।" अन्तमा वहाँले जोड दिएर भन्नुभयो- "आनन्द! जो भिक्षु शिक्षाकामी छ, उ नै संघको सर्वोत्तम व्यक्ति हो।"



भोलिपल्ट बिहान भगवान् बुद्ध वैशालीमा भिक्षाटन जानसक्नुभयो। भिक्षाटनबाट फर्केर भोजन सिद्धिएपछि दिवाविहारका लागि आनन्दलाई आसन लिनलगाई पावाल चेतियमा जानुभयो। त्यहाँ इच्छा अनुसार बसिरहनुभएको बेलामा स्मृति तथा सम्प्रजन्यलाई काबूमा राखी यस्तो विचार गरि वहाँले आयुसंस्कार त्याग गर्नुभयो- “अब अर्को तीनमहिनापछि तथागत परिनिर्वाण हुनेछ।” आनन्द अगाडि आउँदा वहाँले यो कुरा सुनाउनुभयो।



आनन्द भिक्षुले बिन्ती गर्नुभयो- "भो शास्ता! अज्ञ सत्त्वप्राणीहरूलाई दुःखबाट मुक्त गर्न धेरै दिनसम्म बाँच्नुहोस्।" अनि बुद्धले आज्ञा गर्नुभयो- "आनन्द! तथागतले जुन बोल्नुभयो, त्याग गर्नुभयो र मिल्काउनु भयो त्यो वचन कहिले पनि फिर्ता लिनुहुन्न। आनन्द! तिमी बितिसकेको कुराको लागि शोक नगर। हेर आनन्द! म महावन जङ्गलमा जानेछु। तिमी गई वैशाली नगरमा भएभरका भिक्षुहरूलाई त्यहाँ भेला हुने सूचना देउ।"



भगवान् बुद्धले महावन्मा भेला हुनआएका भिक्षुहरूलाई लोकजनको हितको लागि, सुखको लागि र दयाको लागि अर्ति उपदेश दिनुभयो। वहाँले, सम्पूर्ण तथा परिशुद्ध ब्रह्मचर्य शुद्धरूपले अचरण गर्नचाहने व्यक्तिलाई धर्मको बाटोमा उचित रूपले हिँड्नको लागि चाहिने महत्त्वपूर्ण कुरा बोल्नुभयो। वहाँले भन्नुभयो-"लोकका सबै कुराहरू परिवर्तनशील छन्। आफ्नो अभिवृद्धिको लागि कोसिस गर्दैजाउ। चित्तलाई शुद्ध राख। अनि सम्पूर्ण दु:खबाट मुक्त हुनेछौ।"

भगवान् बुद्ध भिक्षु आनन्दलाई साथमा लिई वैशालीमा पुग्नुहुँदा भन्नुभयो- "आनन्द! तथागतको यो अन्तिम वैशाली दर्शन हुनेछ। हे आनन्द ! भन्दग्राम जाऔं।" भन्दग्राममा वहाँले धेरै मानिसहरूलाई धर्मदेशनाद्वारा उपकार गरिसक्नुभएपछि वहाँ त्यहाँबाट हिँड्नुभयो। भिक्षुसंघका साथ वहाँ क्रमशः हस्तिग्राम, आम्रग्राम र जम्बुग्राम हुँदै भोग नगर पुग्नुभयो। त्यहाँ वहाँले भिक्षुसंघलाई विनयका ४ महाप्रदेशका कुरा सिकाउनुभयो। यसैलाई भिक्षुसंघको नियमको निर्णय गर्दा आधार मानिन्छ। त्यसपछि वहाँ श्रावकहरूका साथ पावामा पुग्नुभई चुन्द कर्मारपुत्रको आम्रवनमा बस्नुभयो।



भगवान् बुद्धले त्यहाँ चुन्द कर्मारपुत्र तथा उनका परिवारलाई धर्मदेशना सुनाउनुभई गहिरो श्रद्धालु बनाउनुभयो। चुन्द कर्मारपुत्रले भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई भोलिपल्टको भोजनको लागि निमन्त्रणा गरे। उनको भोजन दानमा सूकर मद्दव भनिने एकथरिको च्याउ पनि थियो। सो भोजन खाइसक्नुभएपछि वहाँलाई रोग फेरि चर्को भएर आयो। वहाँलाई असह्य वेदना भयो। मुश्किलले वहाँ कुशीनगर जानुभयो।



भगवान् बुद्ध बीच बाटोमा एउटा रूखमुनि सुस्ताउनुभयो। त्यहाँ आलार कालामका चेला पुक्कुस नामको मल्लपुत्रले वहाँलाई देखे। उनी वहाँको शान्तिमय जीवनको बारेमा उपदेश सुनेर प्रसन्न भए। उनले आफू आजीवन भगवान् बुद्धको तथा धर्म र संघको शरणमा आएको कुराको पनि घोषणा गरे। उनले वहाँलाई दुइवटा चीवरहरू चढाएकोमा, एउटा आफूले लिनुभई अर्को आनन्दलाई दिलाउनुभयो। त्यसपछि वहाँ ककुधा नदीकिनारमा एकछिन सुस्ताउनुभइसकेपछि कुशीनगर जानुभयो। यो मल्ल राजाहरूको सैर गर्न आउने स्थान हो।



भगवान् बुद्ध कुशीनगर पुग्नुहुँदा साह्रै थाक्नुभयो। अब आफू अगाडि बढ्नसक्दिन भन्ने लाग्यो। अनि आनन्दलाई भन्नुभयो- "हे आनन्द! यी दुई शालवृक्षमुनि मेरोलागि बिछ्यौना बिछयाउ। म साह्रै थाकेको छु।" भिक्षु आनन्दले भगवान् बुद्धको संघाटी चौबऱ्याई बिछ्याइदिनुभयो। उत्तरतिर शीर पारि त्यस आसनमा भगवान् बुद्ध लेट्नुभयो। तर वहाँ निदाउनुभएको थिएन। रोगले साह्रै च्यापेकोले आराम गर्नुभएको थियो। वहाँको मन भने शान्त र दृढ नै थियो।



अब आनन्दलाई लाग्यो कि भगवान् बुद्ध पक्कै पनि परिनिर्वाण हुने भयो। त्यसो हुनाले वहाँलाई ठूलो शोक भयो। अनि एकठाउँमा लुकेर बिरह गरि रोइरहनुभयो- "म अरू भिक्षुहरू झैं हुनसकेको छैन। मैले अझै सिक्न धेरै बाँकी छ। म अझसम्म अर्हन्त भइसकेको छुइन। मलाई करुणा कृपा राख्नुहुने शास्ताले मलाई छोडेर जान लाग्नुभयो। म एक्लो हुने भएँ।"



भगवान् बुद्धले आँखा खोल्नुहुँदा आनन्दलाई त्यहाँ नदेख्नुभई नजिक बसेका भिक्षुहरूसँग सोध्नुभयो- "भिक्षु आनन्द कता गए?" ती भिक्षुहरूले जवाब दिए - "उनी एक कुनामा गई रोईरहेकाछन्। भगवान् बुद्धले भन्नुभयो- "आनन्दलाई बोलाएर ल्याउ।" आनन्द आइपुग्नुहुँदा वहाँले उनीसँग करूणापूर्वक कुरा गर्नुभयो।



भगवान् बुद्धले आनन्दको प्रशंसा गर्दै भन्नुभयो- "भिक्षुहरूहो! अतीतका बुद्धहरूका पनि उपस्थाकहरू थिए । अनागतमा आउने बुद्धहरूका पनि उपस्थाकहरु हुनेछन्। तर अहिलेका मेरा उपस्थाक आनन्द भन्दाश्रेष्ठ हुनेछैनन्। उ सर्वश्रेष्ठ उपस्थाक हो । उसको बुद्धि कुशल तथा तीक्ष्ण छ। उ उचित समयलाई जान्दछ। पाहुनाहरूलाई मीठो वचनद्वारा खुशी तथा प्रसन्न हुनेगरि व्यवहार गर्दछ। उसको सोमतिलो व्यवहारद्वारा सबैजना सन्तुष्ट छन्। उसका कुरा सबैजनाले ध्यान दिएर सुन्दछन्। यस्तो छ, बुद्धको उपस्थापक आनन्द!



त्यसपछि आनन्द भिक्षुले भगवान् बुद्धलाई निवेदन गर्नुभयो- "भो भगवान् शास्ता! यो जङ्गलको बीचमा रहेको सानो नगरको क्षेत्रमा परिनिर्वाण नहुनुहोस्। यसो गर्नु सुहाउँदैन। अरू-अरू ठूला-ठूला नगरहरू, जस्तैः श्रावस्ती र वैशाली आदि छन्। त्यहाँ शास्ताका धेरै अनुयायीहरू छन्। उनीहरूले तथागतको शवलाई भव्य सम्मानगरि व्यवस्था गर्नेछन्। भगवान् शास्ता त्यहाँ परिनिर्वाण हुनुभए बेस हुनेथियो।"



भगवान् बुद्धले आनन्दलाई भन्नुभयो- "त्यसो नभन आनन्द! त्यसो नभन। यसलाई जङ्गलको बीचमा रहेको सानो-क्षुद्र नगर भनी नभन। धेरै समय पहिले यो सर्वोत्तम नगर थियो। यो चक्रवर्ती राजाको राजधानी थियो। हे आनन्द! बरू तिमी गएर कुशीनगरका राजाहरूलाई सूचना देउ- "आजको अन्तिम याममा यो स्थानमा तथागत परिनिर्वाण हुनुहुनेछ। परिनिर्वाण हुन अगावै उनीहरूले तथागतको दर्शन गर्न पाउन्।" अनि भिक्षु आनन्द केही भिक्षुहरूका साथ गई वहाँको आज्ञा मल्लराजाहरूलाई जानकारी दिनुभयो।



भगवान् बुद्ध परिनिर्वाण हुने खबर सुनेर मल्ल राजाहरू बडो दुःखी तथा शोकाकुलित भई- "भगवान् बुद्ध छिटै परिनिर्वाण हुनुहुने भयो। लोकलाई प्रकाश दिने बत्ति छिट्टै निभ्दैछ। भगवान् बुद्धले हामीलाई छोडेर जानुहुँदैछ।" भनी बिरह गर्दै भगवान् बुद्धकहाँ आए। त्यस्तै कुशीनगरवासी अरू स्त्री-पुरुष तथा बालक-बालिकाहरू समेत रुँदै कराउँदै विरह गर्दै भगवान् बुद्धको अन्तिम दर्शन गर्नआए। तिनीहरूले टोलीटोली भई भगवान् बुद्धको दर्शन गरे। हरेक टोलीका नेताले भगवान् बुद्धसँग बिदाबाजीका केही कुराकानी पनि गरे।



त्यसबेला कुशीनगरमा एकजना सुभद्द नामको परिव्राजक थिए। उनले भगवान् परिनिर्वाण हुनुहुने कुरो थाहा पाएर केही कुरो सोध्ने इच्छाले भगवान्को दर्शन गर्न जान चाह्यो। किन भने उनी विश्वास गर्थे कि आफ्नो प्रश्नको जवाफ बुद्धले मात्र दिनसक्नुहुनेछ। त्यसो हुनाले उनी शाल्वनमा आए र भिक्षु आनन्दसँग भेट गरे। अनि उनले भगवान् परिनिर्वाण हुन अगावै आफ्नो प्रश्नहरू सोध्ने मौका दिन आनन्दसित अनुरोध गरे।



भिक्षु आनन्दले सुभद्रलाई यसरी जवाब दिनुभयो- "भयो सुभद्र! भयो। भगवान् बुद्ध साह्रै थाक्नुभएको छ । यस्तो बेलामा प्रश्नहरू सोधेर वहाँलाई बढ्ता दुःख नदेउ ।" तर सुभद्र परिव्राजक अति हतारोमा थिए। आनन्दले भन्नुभएको कुरा उनले माननेनन्। उनले भगवान् बुद्धको दर्शन गराउन बारम्बार अनुरोध गरिरहे । भिक्षु आनन्दले पनि बारम्बार मनाही गरि नै रहनुभयो। आनन्दको तर्क थियो- "वहाँ अहिले साह्रै शिकिस्त हुनुहुन्छ। कुनैपनि प्रकारका व्यक्तिबाट अब वहाँलाई दुःख दिनु ठीक छैन। भगवान् बुद्धले यी दुईजनाका बीचमा भइरहेको कुराकानी सुन्नुभयो । अनि वहाँले सुभद्रलाई नरोक्न आनन्दलाई आज्ञा गर्नुभयो।



भगवान् बुद्धले आनन्दलाई भन्नुभयो- "हे आनन्द! तिमी सुभद्रलाई मकहाँ आउनबाट नरोक। उसको इच्छानुसार मकहाँ आउनदेउ। उसले मसँग ज्ञानका कुरा सुनेर जीवन सार्थक पार्नेछ। उ मलाई दुःख दिन आएको होइन। उ मेधावी तथा कुरो छिट्टै बुझ्नसक्ने हो।" अनि मात्र आनन्दले सुभद्रलाई भगवान् बुद्धकहाँ जान दिनुभयो।



भगवान् बुद्धले सुभद्रको प्रश्न सुनिसकेपछि धर्मदेशना गर्नुभयो। जसले गर्दा उसको मनमा रहेको संशय हट्यो। समस्या सुल्झ्यो। उनले बुद्धको धर्मविनयमा भिक्षु बनाइदिन अनुरोध गरे। भगवान् बुद्धले सुभद्रलाई भिक्षु बनाइदिन आनन्दलाई लगाउनुभयो। जसरी मृगदाय वनमा धर्म उपदेश सुन्ने कौडिन्य भगवान् बुद्धका प्रथमशिष्य हुनुभएको थियो; त्यसरी नै यिनी भिक्षु सुभद्र अन्तिमशिष्य हुनुभयो। भिक्षु सुभद्र धर्मविनयमा मेहनत तथा कोसिस गरेर थोरै समयमा नै अर्हन्त हुनुभयो।

त्यसपछि भगवान् बुद्धले भिक्षुहरूलाई धर्म-विनय सम्बन्धी शङ्का भएमा सोध्ने अन्तिम मौका दिनुभयो। तर त्यसबेला बुद्ध, धर्म र संघउपर शङ्का भएका कोही एकजना पनि निस्केन। अनि वहाँले अझ एकचोटि अन्तिम रूपमा भिक्षुसंघलाई आज्ञा हुनुभयो- "भिक्षुहरू हो! तिमीहरूलाई यो मेरो अन्तिम वचन हो। सबै संस्कार नाशवान् हुन्। नाश भएर जानु स्वाभाविक हो। तिमीहरूले अप्रमादी भई मुक्ति प्राप्त गर।"



त्यसपछि भगवान् बुद्ध क्रमशः समापत्तिमा समाधिस्थ हुनुभयो। त्यसबाट उठ्नुभयो । अनि चतुर्थ ध्यानमा पुगेर त्यहाँबाट निर्वाण धातुमा स्कन्ध निरोध हुनुभयो। वहाँ अब यस लोकमा अथवा अरू लोकमा कतै पनि फेरि उत्पन्न हुनुहुनेछैन। ८० वर्षको उमेरमा वैशाख पूर्णिमाको रातको अन्तिम याममा सम्यक् सम्बुद्ध महापरिनिर्वाण हुनुभयो। यसप्रकार एशियाका ज्योति शाक्यमुनि बुद्धका जीवनगाथा समाप्त भयो। तर धर्मले अर्थात वहाँले सिकाई जानुभएका उपदेश र मुक्तिको मार्गबाट अझै करोडौं जनताहरूलाई आशा तथा मुक्ति प्रदान गरिरहेको छ।

With bad advisors forever left behind,
From paths of evil he departs for eternity,
Soon to see the Buddha of Limitless Light
And perfect Samantabhadra's Supreme Vows.

The supreme and endless blessings
of Samantabhadra's deeds,
I now universally transfer.
May every living being, drowning and adrift,
Soon return to the Land of
Limitless Light!

The Vows of Samantabhadra

I vow that when my life approaches its end,
All obstructions will be swept away;
I will see Amitabha Buddha,
And be born in his Land of Ultimate Bliss and Peace.

When reborn in the Western Land,
I will perfect and completely fulfill
Without exception these Great Vows,
To delight and benefit all beings.

The Vows of Samantabhadra
Avatamsaka Sutra

DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn the Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

NAMO AMITABHA

南無阿彌陀佛

（尼泊爾文：佛陀畫傳）

Printed for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org.tw
Website: http: //www.budaedu.org.tw
This book is strictly for free distribution, it is not to be sold.

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन

Printed in Taiwan
50000 copies; October 2001
NE002-2615



As this is a Dhamma text,
we request that it be treated with respect.
If you are finished with it,
please pass it on to others or
offer it to a monastery, school or public library.
Thanks for your co-operation.
Namo Amitabha!

〈尼泊爾文：佛陀畫傳〉
Reprinted and donated for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel:886-2-23951198, Fax:886-2-23913415
Email:overseas@budaedu.org.tw
Website: http://www.budaedu.org.tw
This book is for free distribution, it is not for sale.
यो पुस्तक नि:शुल्क वितरणको लागि हो, विक्रीको लागि होइन
Printed in Taiwan
NE002